# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १० | अंक १९३ | काठमाडौं | बुधबार, २२ कात्तिक २०८० | Prabhab National Daily | Wednesday, November 8, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५/-


संघीय संसद् भवन निर्माणमा सुस्तता

## हिउँदे अधिवेशनसम्म तयार हुनेमा आशंका

- आगामी दुई महिनाभित्रै भवन निर्माण र उपकरण जडान कार्य सम्पन्न गर्न सभामुख देवराज घिमिरेको निर्देशन
- हिउँदे अधिवेशनसम्ममा पाँचवटा भवन तयार गरिसक्ने ठेकेदार कम्पनीको प्रतिबद्धता
- भवन र उपकरण जडानलाई द्रुततासँगै गुणस्तरमा ध्यान दिइएको सहरी विकासमन्त्री सीता गुरूङको भनाइ



हाम्रो आवश्यकता अनुसार नवीनतम प्रविधिको प्रयोग र जोखिम निराकरणसम्बन्धी विषयमा विशेष ध्यान पुऱ्याऔं ।

■ **देवराज घिमिरे**
सभामुख



काम चलाउभन्दा गुणस्तरमा बढी ध्यान दिनुपर्छ भन्ने पाटोमा हामी गम्भीर छौं ।

■ **सीता गुरूङ**
मन्त्री, सहरी विकास



*फाइल तस्बिर*

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** संघीय संसद्को आगामी हिउँदे अधिवेशन नयाँ भवनमा सुरु गर्ने तयारी भइरहेको छ । तर, सिंहदरबारभित्र निर्माणाधीन भवन तयार भइसकेको छैन । ठेकेदार कम्पनीले आगामी हिउँदे अधिवेशनसम्ममा पाँचवटा भवन तयार हुने बताउँदै आएको छ । तर, निर्माण गति सुस्त हुँदा निर्धारित समयमा तयार हुनेमा अझै विश्वस्त हुने अवस्था देखिँदैन ।

यसैबीच सभामुख देवराज घिमिरेले संघीय संसद् भवन आगामी दुई महिनाभित्रै भवन निर्माण र उपकरण जडान कार्य सम्पन्न गर्न निर्देशन दिएका छन् । उनले हिउँदे अधिवेशनबाटै सञ्चालनमा ल्याउने गरी उपकरण जडानलगायत काम पूरा गर्न निर्देशन दिए । निर्माणाधीन भवनमा जडान गर्न लागिएका साउण्ड सिस्टमसहित बहुप्राविधिक उपकरण र गुणस्तरबारे उत्पादन कम्पनीसँग जानकारी लिँदै सभामुख घिमिरेले मंगलबार उक्त निर्देशन दिएका हुन् ।

'हाम्रो आवश्यकता अनुसार नवीनतम प्रविधिको प्रयोग र जोखिम निराकरणसम्बन्धी विषयमा विशेष ध्यान पुऱ्याऔं,' सचिवालयका पदाधिकारी र कर्मचारीलाई उनको सुझाव छ । सञ्चार, साउण्ड सिस्टम र उपकरण जडानसम्बन्धी जिम्मेवारी प्राप्त गरेको जर्मनको टेलिभाइस कम्पनीले दक्षिण एसियामै नयाँ उपकरण जडान हुनेगरी सभाकक्षसहितको जिम्मेवारी पूरा गर्ने अठोट व्यक्त गरेको छ ।

सहरी विकासमन्त्री सीता गुरुङले संघीय संसद् भवन निर्माणलाई सरकारले उच्च प्राथमिकता दिएर अघि बढाइरहेको जानकारी दिइन् । भवन र उपकरण जडानलाई द्रुततासँगै गुणस्तरको प्रश्नलाई पनि त्यतिकै हेक्कामा राख्न आवश्यक रहेको बताउँदै उनले भनिन्, 'हामीले काम चलाउभन्दा गुणस्तरमा बढी ध्यान दिनुपर्छ भन्ने पाटोमा गम्भीर छौं ।' (बाँकी पष्ठ २ मा)

## गणतन्त्रवादीलाई राजतन्त्रवादीको झस्को

- गणतन्त्रलाई सबल बनाउनुपर्नेमा प्रधानमन्त्रीको जोड
- गणतन्त्रविरोधी गतिविधिलाई निस्तेज पार्नुपर्ने भनाइ
- लोकतान्त्रिक गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता र समावेशिता एउटा खाटका चार खुट्टा
- गणतन्त्रवादी नेताहरूकै कारण खतरामा गणतन्त्र



**प्रधानमन्त्रीको आह्वानमा मंगलबार सिंहदरबारमा बसेको गणतन्त्र पक्षधर नेताहरुको बैठक ।** *तस्बिरः रासस*

■ **जेबी योञ्जन**

**काठमाडौं–** गणतान्त्रिक नेपालको तेस्रोपटक प्रधानमन्त्री भएका नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले गणतन्त्रमाथि निर्मम प्रहार भइरहेको भन्दै गणतन्त्रकालमा प्रधानमन्त्री भएका नेताहरूसँग संवाद गरेका छन् । प्रधानमन्त्रीको सरकारीनिवास बालुवाटारमा मंगलबार दिउँसो भएको छलफलमा दाहालले गणतन्त्र प्राप्तिको आन्दोलनमा एकताबद्ध भएर लडेका दलहरू गणतन्त्रलाई सबल बनाउन पनि त्यसरी नै अघि बढ्नुपर्ने बताएका थिए । उनले पछिल्ला समय भइरहेका गणतन्त्रविरोधी गतिविधिप्रति सचेत हुनुपर्नेमासमेत जोड दिए ।

'व्यवस्थाविरुद्धका गतिविधि बढ्दै गए । यसप्रति गम्भीर हुनैपर्ने देखियो । हामी संघीय लोकतान्त्रिक गणतन्त्र पक्षधर शक्तिहरू सचेत हुनुपर्ने अवस्था आयो,' बैठकमा दाहालले व्यक्त गरेको भनाइ उद्धृत गर्दै उपाध्यक्ष पम्फा भुसालले भनिन् ।

बैठकमा गणतन्त्रकालका प्रधानमन्त्रीहरू शेरबहादुर देउवा, केपी शर्मा ओली, डा. बाबुराम भट्टराई, माधवकुमार नेपाललगायत थिए । गत वर्ष भएको आमनिर्वाचनमा राजतन्त्रको पक्षमा व्यक्त जनमत र त्यसले राष्ट्रिय राजनीतिमा बदलेको परिदृश्यबीच गणतन्त्र पक्षधर नेताहरू संवादमा जुटेका हुन् । त्यसक्रममा एमाले अध्यक्षसमेत रहेका पूर्वप्रधानमन्त्री ओलीले गणतन्त्र विरोधी गतिविधिविरुद्ध एमाले लड्ने बताए ।

'नेकपा एमाले वर्तमान संविधान निर्माणको सन्दर्भमा दृढतासाथ उभिएको पार्टी हो । यो (गणतन्त्र) व्यवस्था ल्याउन लडेको पार्टी हो,' ओलीले भने, 'यसका विरुद्धमा जजसले गतिविधि गर्छ, त्यसको स्वतः प्रतिवाद गर्न एमाले अग्रमोर्चामा उभिन्छ ।'

ओली गणतन्त्र नेपालका छैटौं प्रधानमन्त्री हुन् । उसो त उनले राजतन्त्र फाल्दै देशमा गणतन्त्र स्थापना गर्न भएको आन्दोलनको क्रममा भनेका थिए, 'बयलगाडा चढेर अमेरिका पुगिँदैन ।'

तर, तत्कालीन महासचिव माधवकुमार नेपालले नेतृत्व गरेको एमाले गणतन्त्रको पक्षमा थियो । गणतन्त्र प्राप्तिको आन्दोलनमा एमालेका धेरै नेता अग्रमोर्चामै थिए । अहिले ओली नेतृत्वमा रहँदा पनि एमाले गणतन्त्रकै पक्षमा छ ।

३ असोज २०७२ मा संविधानको प्रस्तावनामै 'नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक' भनिएको छ । संवैधानिकरूपमै गणतन्त्र स्वीकारिएको भने १५ जेठ २०६५ देखि हो । राजनीतिशास्त्रीहरूका अनुसार राजनीतिक रूपमा गणतन्त्र शब्दको प्रयोगचाहिँ पूर्वराजा त्रिभुवनले ७ फागुन २००७ मा प्रजातन्त्र स्थापना भएको भन्दै गरेको शाही घोषणामा भएको थियो ।

पछि सशस्त्र द्वन्द्वको नेतृत्व गरेको माओवादीले गणतन्त्र प्राप्तिलाई राजनीतिक एजेण्डा नै बनाएको थियो । सोही दल माओवादीको अध्यक्षसमेत रहेका प्रधानमन्त्री दाहालले गणतन्त्रलाई सबल बनाउने र विरोधीहरूको षडयन्त्रलाई निस्तेज पार्नुपर्ने भन्दै मंगलबार गणतन्त्रको पक्षमा रहेका दल र गणतन्त्रकालीन प्रधानमन्त्रीहरूसँग संवाद गरेका हुन् । (बाँकी पष्ठ २ मा)



व्यवस्थाविरूद्धका गतिविधि बढ्दै गए । यसप्रति गम्भीर हुनैपर्ने देखियो । हामी संघीय लोकतान्त्रिक गणतन्त्र पक्षधर शक्तिहरु सचेत हुनुपर्ने अवस्था आयो ।

■ **पुष्पकमल दाहाल**
प्रधानमन्त्री



नेकपा एमाले यो व्यवस्था (गणतन्त्र) ल्याउनका लागि लडेको पार्टी हो । यसका विरूद्धमा जजसले गतिविधि गर्छ, त्यसको स्वतः प्रतिवाद गर्न एमाले अग्रमोर्चामा उभिन्छ ।

■ **केपी शर्मा ओली**
पूर्वप्रधानमन्त्री

**सन्दर्भ : वैदेशिक रोजगार**

निरन्तर घट्दै मलेसिया जाने श्रमिक

## नयाँ कोटा स्वीकृति रोकिँदा समस्या

■ **प्रभाव संवाददाता**



**काठमाडौं–** नेपाली कामदारको प्रमुख श्रम गन्तव्य रहेको मलेसियामा जाने नेपाली श्रमिकको संख्या क्रमशः घट्दै गएको छ । श्रम स्वीकृतिको आधारमा गत आर्थिक वर्षभरि पहिलो स्थानमा रहेको मलेसिया चालु आव सुरु भएयता चौथो स्थानमा पुगेको वैदेशिक रोजगार विभागको तथ्यांकले देखाएको छ । मलेसियाले न्यूनतम तलब बढाएर एक हजार ५०० रिंगेट बनाएपछि त्यहाँ जाने नेपालीको संख्या ह्वात्तै बढेको थियो । कोरोना महामारीका कारण लामो समयपछि रोजगारी प्रवेश खुलाइएको मलेसियामा गत आर्थिक वर्षमा दुई लाख ५९ हजार ५९४ जना नेपाली गएको विभागले जनाएको छ ।

मलेसिया जाने नेपाली कामदारको मागअनुसार गत वर्षभन्दा यस वर्ष तुलनात्मक रूपमा ठूलो गिरावट आएको छ । गत वर्ष साउनमा २४ हजार ४४८ जना गएकोमा यस वर्ष साउनमा घटेर नौ हजार २६८ जनामा सीमित भयो । गत वर्ष भदौमा ३५ हजार ३७२ मलेसिया गएको तथ्यांक छ । यस वर्ष सोही महिनामा आठ हजार १६९ जनाले मात्र श्रम स्वीकृति लिए । त्यस्तै गत वर्ष असोजमा २७ हजार ६२ जना मलेसिया गएकामा यस वर्ष सात हजार ९०९ जनाले मात्रै श्रम स्वीकृति लिनुले मलेसियामा कामदारको माग घटेको पुष्टि हुने सरोकारवालाहरू बताउँछन् ।

गत आर्थिक वर्षमात्रै ठूलो संख्यामा नेपाली श्रमिक रोजगारीका लागि मलेसिया गए पनि चालु आव सुरु भएसँगै घट्नुलाई मलेसियाले सन् २०२३ बाट नेपालबाट लिने श्रमिकका लागि रोजगारदातालाई दिँदै आएको कोटा बन्द गर्नुले काम गरेको नेपाल वैदेशिक रोजगार व्यवसायी संघका महासचिव मेघनाथ भुर्तेलले बताए । 'हाल श्रम स्वीकृति लिएर मलेसिया जाने कामदारहरू मलेसिया सरकारले रोजगारदातालाई पहिल्यै दिएको कोटाअनुसार तय भएको हो,' उनले भने, 'त्यहाँको सरकारले रोजगारदातालाई दिने एप्रुभल रोकिराखे केही महिना नेपालबाट श्रम स्वीकृति लिएर मलेसिया जाने नेपालीको संख्या शून्य हुन सक्छ ।'

मलेसिया रोजगारीमा सक्रिय व्यवसायीहरूका अनुसार मलेसियाले सेवा, वृक्षरोपण, सुरक्षा गार्डलगायतका क्षेत्रमा रोजगारदातालाई आवश्यक पर्ने कोटा स्वीकृति नदिएका कारण नेपालबाट जाने कामदारको संख्यामा कमी आएको हो । मलेसियाका कतिपय रोजगारदाताले सरकारले दिएको कोटा लिने तर विदेशी श्रमिक माग नगर्ने गरेका कारण नयाँ कोटा स्वीकृति रोकिएको उनीहरूको भनाइ छ । तर, बहुराष्ट्रिय तथा केही ठूला कम्पनीले भने नेपालबाट कामदार माग गर्न छाडेका छैनन् ।

## कुवेतबाट तीन महिनामा १२ हजार विदेशी निकालिए

**काठमाडौं (प्रस)–** कुवेतले आफ्नो देशको कानुन उल्लंघन गरेको भन्दै पछिल्लो तीन महिनामा १२ हजारभन्दा बढी विदेशी नागरिकलाई देश निकाला गरेको बताइएको छ । सार्वजनिक नीति उल्लंघन, आवास तथा श्रम कानुन उल्लंघन गर्ने विदेशी नागरिकलाई पुनः कुवेत फर्किन नपाउनेगरी देश निकाला गरिएको गल्फ न्युजले उल्लेख गरेको छ ।

कुवेती अधिकारीहरूले तीन महिना (अगस्टदेखि अक्टोबर) को बीचमा विभिन्न मुलुकका १२ हजारभन्दा बढी विदेशी नागरिकलाई प्रचलित कानुन उल्लंघन गरेका कारण देश निकाला गर्नुपरेको बताएको उक्त सञ्चारमाध्यमले जनाएको छ । रोजगारीका लागि विभिन्न मुलुकबाट कुवेत पुगेका आप्रवासी कामदारले सबैभन्दा बढी आवास र श्रम कानुन उल्लंघन गरेको बताइएको छ । अगस्ट र सेप्टेम्बरमा दुई महिनामा सात हजार ७८५ र अक्टोबरमा चार हजार ३०० जनालाई देश निकाला गरिएको उल्लेख छ ।

देश निकाला प्रक्रियाअन्तर्गत कुवेतले उपप्रधानमन्त्री, आन्तरिक र रक्षा कार्यवाहक मन्त्री शेख तलाल अल-खालेदको कडा निर्देशनहरू पालना गर्ने बताइएको छ । पछिल्लो समय कुवेतले थप कुवेतको आवास मामिलाअन्तर्गत अनुसन्धान महाशाखाले आवास तथा श्रम कानुन उल्लंघन गर्ने, विभिन्न अभियोगमा फरार व्यक्तिहरू र मोस्ट वान्टेडको सूचिमा रहेका व्यक्तिहरूलाई पत्ता लगाउन विशेष अभियान नै सञ्चालन गरिरहेको सञ्चारमाध्यमले जनाएको छ । त्यस्ता व्यक्तिहरूलाई फेला पारी देश निकाला गर्न राष्ट्रव्यापी सुरक्षा अपरेसनहरू चलिरहेको छ ।

कुवेतको कानुन अनुसार उल्लेखित अभियोगमा देश निकाला गरिएका विदेशी नागरिकहरू पुनः कुवेत प्रवेश गर्न पाउने छैनन् । अन्यथा उनीहरूले चर्को जरिवाना र जेल सजायसमेत भोग्नुपर्ने कानुनी व्यवस्था रहेको उल्लेख गरिएको छ । पछिल्लो समय कानुन उल्लंघन गरी अवैधरूपमा बस्ने विदेशी नागरिकलाई देश निकाला गर्ने कुवेत सरकारको नीतिले थुप्रै नेपाली पनि प्रभावित हुने देखिएको छ । कुवेत नेपालीहरूको प्रमुख श्रम गन्तव्यमध्येको एक हो । कुवेतमा थुप्रै नेपाली श्रम तथा आवास कानुनविपरीत काम गरिरहेको विभिन्न अध्ययनले देखाएको छ ।


जनहितमा जारी सन्देश

डेंगी

सुरक्षित रहौं
रोकथाम गरौं
नियन्त्रण गरौं

डेंगी रोग डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाईबाट मात्र सर्दछ ।

थोरै मात्र पानी जम्मा भएको भाँडामा पनि यो लामखुट्टेले फुल पार्दछ र यसको वृद्धि विकास हुन्छ ।

डेंगीको लक्षणहरुः उच्च ज्वरो आउनु, जोर्नी र मांशपेशीहरु, आँखाको गेडी र टाउको बेस्सरी दुख्नु, शरीरमा राता बिमिराहरु आउनु, वाकवाकी लाग्नु वा वान्ता हुनु आदी हुन् ।

डेंगीबाट बच्ने उपायहरू

एडिज जातको लामखुट्टेले दिनको समयमा टोक्दछ । त्यसमाथि पनि बिहान र साँझको समयमा टोक्ने सम्भावना बढी भएकोले सो समयमा थप सचेत हुने ।

आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक ठाँउहरुमा पानी जम्न नदिने । पानी राख्ने भाँडालाई लामखुट्टे नछिर्ने गरि राम्ररी छोपेर राख्ने ।

दिउँसो पनि लामखुट्टे भगाउने धूप बाल्ने र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने ।

घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने ।

बिहान, दिउँसो, राती जुनसुकै बेला झुल लगाएर मात्र सुत्ने ।

पूरै शरिर ढाक्ने लुगा लगाउने ।

लामखुट्टेले फुल पार्न सक्ने संभावित घर भित्र र वरपरका पानी जमेको ठाँउहरु र पानी राख्ने भाडाँहरु खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं ।

प्रभाव दैनिक National Daily | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा–७, सिफल, काठमाडौं

पृष्ठ १ बाट जारी

## हिउँदे अधिवेशनसम्म...

आयोजना निर्देशक मच्चाकाजी महर्जनले छ महिनाभित्र निर्माण सम्पन्न गर्नेगरी धमाधम काम भइरहेको बताए । सदनमा नवीनतम र गुणस्तरीय उपकरण जडानको काम अघि बढिरहेको उनको भनाइ छ । सरकारले चालु आर्थिक वर्षमा भवन निर्माण विनियोजन तीन अर्ब २६ करोड रूपैयाँ बजेट विनियोजन गरेको छ ।

सहरी विकास मन्त्रालय र निर्माण कम्पनी 'टुण्डी सेक ज्वाइन्ट भेञ्चर'बीच २०७६ असोज १६ गते भएको सम्झौताअनुसार २०७९ असोज १५ गतेभित्र भवन बनिसक्नुपर्ने थियो । तर, वर्षदिन नाघ्दा पनि भवनले पूर्ण रूप लिन सकेको छैन ।

भवन निर्माण प्रगति अपेक्षाकृत हुन नसकेपछि प्रधानमन्त्री पुष्पकमल दाहाल र सभामुख घिमिरेले निरन्तर ताकेता गर्दै आएका छन् । गत असार २५ गते अवलोकन गर्न पुगेका प्रधानमन्त्री दाहालले आउँदो हिउँदे अधिवेशन नयाँ भवनमा गर्ने लक्ष्य रहेको भन्दै निर्माण छिटो सम्पन्न गर्न निर्देशन दिएका थिए । त्यस्तै गत साउन १७ गते सभामुख घिमिरेले पनि निर्माणाधीन संसद् भवनको अवलोकन गरेका थिए । संसदीय समितिले पनि भवन निर्माणमा निरन्तर चासो राख्दै आएको छ । सिंहदरबारको पुतली बगैंचामा निर्माण भइरहेको संसद् भवनको शिलान्यास २०७६ असोज १ गते तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले गरेका थिए ।

### थपिएको म्याद पनि गुज्रियो

कोरोना महामारीका कारण निर्माण ढिलाइ भएको भन्दै पहिलोपटक छ महिना म्याद थप गरी निर्धारित समय २०८० वैशाख १४ गते पुऱ्याइयो । पहिलोपटक थप भएको म्यादभित्र पनि निर्माण सम्पन्न नभएपछि दोस्रोपटकका लागि अर्को छ महिना म्याद थप गरी २०८० साल असोज १६ गते पुऱ्याइयो ।

दुईपटक म्याद थप हुँदा पनि निर्माणाधीन संसद् भवनको प्रगति उत्साहजनक छैन । कम्पनीका तर्फबाट परियोजना व्यवस्थापक प्रमेन्द्रकृष्ण श्रेष्ठका अनुसार भवन निर्माण सकिन अझै कम्तीमा छ महिनाको समय चाहिन्छ । थपिएको समयमा पनि निर्माण सम्पन्न नभए सम्झौता भएको रकमको ०.०५ प्रतिशत प्रतिदिनका हिसाबले जरिवाना गर्न सकिने व्यवस्था छ । उक्त जरिवानापछि पनि काम नभए बैंक जमानी रोक्का गर्ने र सम्झौता खारेज गर्न सकिने परामर्शदाता मानन्धरले बताए । 'म्याद थपेर पनि समयमा सकिएन भने जरिवाना लगाउने भन्ने छ । ०.०५ प्रतिशत प्रतिदिन जरिवाना लगाउनुपर्ने हुन्छ । त्यो भनेको सम्झौता भएको रकमको ०.०५ प्रतिशत प्रतिदिन जरिवाना हो,' उनले भने ।

२०५५ असार ८ गते तत्कालीन मन्त्रिपरिषद्ले भवन निर्माण गर्ने निर्णय गरेको थियो । लामो समयसम्म भवनको काम सुरु हुन सकेन । जसको कारण भवन कहाँ बन्ने नै निश्चित भएको थिएन । हालकै संसद् सचिवालय परिसरमा बनाउने प्रयत्नसमेत लामो समय चलेको थियो ।

समयमा भवन नबन्दा २०६४ देखि बानेश्वरस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा संविधान सभा तथा हालका संघीय संसद्कासमेत बैठक बस्दै आएका छन् । २०६४ को संविधान सभा निर्वाचनपछि उक्त भवन भाडामा लिइएको हो । वार्षिक १६ करोडभन्दा बढी भाडा अहिले सम्मेलन केन्द्रलाई संसद्ले भुक्तानी गर्दै आएको छ ।

### यस्तो बन्ने छ संसद् भवन

कूल १५१ रोपनी क्षेत्रफलमा निर्माण भइरहेको परियोजनाअन्तर्गत प्रतिनिधिसभा भवन, राष्ट्रिय सभा भवन, अतिविशिष्ट कक्ष र अन्य कार्यालयलगायत १२ भवन हुनेछन् । भवन निर्माणका लागि अनुमानित खर्च छ अर्ब ९२ करोड रूपैयाँ भए पनि पाँच अर्ब दुई करोड रूपैयाँमा सम्झौता भएको छ । सरकारले चालु आर्थिक वर्षमा भवन निर्माणका लागि तीन अर्ब २६ करोड रूपैयाँ बजेट विनियोजन गरेको छ ।

संसद् भवनभित्र मुख्य भवन आठवटा हुनेछन् । भवनभित्र ३५० सिट क्षमताको संयुक्त लबी हुने छ भने सानाठूला गरी १० वटा संसदीय दलका कार्यालय हुनेछन् । यसका चार अतिरिक्त अतिरिक्त विशिष्ट कक्ष, दुई संसद् सचिवालय भवन, संसद् पुस्तकालय, दुईवटा क्यान्टिन क्रमशः १०० र ३०० जना अट्ने क्षमताका र ३९० वटा गाडी पार्किङ क्षमता हुने छ ।

पृष्ठ १ बाट जारी

## गणतन्त्रवादीलाई राजतन्त्रवादीको...

गणतन्त्रको चौथो प्रधानमन्त्री भएका गणतन्त्रवादी नेता डा. बाबुराम भट्टराईले गणतन्त्र हटे अन्य राजनीतिक उपलब्धि खतरामा पर्ने बताए । उनले २०६२/६३ पछिका राजनीतिक उपलब्धिहरू लोकतान्त्रिक गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता र समावेशितालाई खाटको चार खुट्टासँग तुलना गरे ।

'हाम्रो क्रान्तिका मुख्य चार उपलब्धि लोकतान्त्रिक गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता र समावेशिता खाटका चार खुट्टाझैं एकआपसमा अन्तरसम्बन्धित छन् । तीमध्ये कुनै एकलाई ढालियो भने सबै ढल्ने खतरा हुन्छ,' बैठकमा भट्टराईले पेस गरेको चार बुँदे सुझावमा भनिएको छ, 'त्यसैले गणतन्त्रसहित यी सबैको रक्षा गर्न सबै दल प्रतिबद्ध हुनुपर्छ ।'

प्रतिनिधिसभामा गणतन्त्रको पक्षधर हरूको दुई तिहाइभन्दा बढी बहुमत छ । राजतन्त्रवादीहरू भने १४ सिटमा सीमित छन् । अघिल्लोपटकको संसद्मा भने एक सिटमा राजतन्त्रवादी शक्ति राप्रपा खुम्चिएको थियो । त्यसबेला निम्छरो बनेको स्वर पछिल्लो निर्वाचनपछि अलि चर्कोगरी सुनिन थालेको छ । यसले गणतन्त्रवादीलाई झस्को दिएको बुझिन्छ ।

राजतन्त्रवादी दल राप्रपाका प्रवक्ता सगुनसुन्दर लावती अहिले गणतन्त्र धर्मराएको र यसको जिम्मेवार गणतन्त्रवादी नेताहरू नै भएको बताउँछन् । 'प्रधानमन्त्री र नेताहरूले जुन गुटबन्दी गरेर निषेध गरेका छन् नि शान्ति प्रक्रियाको एउटा मूल हिस्सेदार राजालाई । यही निषेधको प्रवृत्ति गणतन्त्रका लागि घातक छ,' उनले प्रभावसँग भने ।

२०६२/६३ को राजनीतिक परिवर्तन नेपालको धरातलीय यथार्थप्रतिकूल रहेको, भ्रष्टाचार बढेको र जनतालाई बाँडेका समृद्धिका सपनाहरू पूरा नगरेकै कारण जनतामा बढेको निराशाले गणतन्त्रको औचित्यमाथि प्रश्न उठेको उनको दाबी छ । '१० वर्षमा होइन नेपाललाई सिंगापुरजस्तो विकसित बनाउने भनेको ? खोइ त ? कि प्रधानमन्त्री दाहालको क्यालेण्डरमा १० वर्ष नै आएन ?,' प्रवक्ता लावतीले थप प्रश्न गरे, 'नाच्न नजान्ने आफू अनि आँगन डेढो भन्ने शैलीमा गणतन्त्र खतरामा पऱ्यो भन्ने ?'

संसद्मा राजतन्त्रको पक्षमा वकालत गर्ने दल राप्रपामात्रै हो । अन्य दल छैनन् । तर, यस दलका सांसदहरूले संसद्मार्फत राजतन्त्रको एजेण्डालाई थप घनिभूत बनाइरहेका छन् । यहीबेला गणतन्त्रको मूल नेतामध्येका एक जना प्रधानमन्त्री दाहाल सशंकित हुँदै गणतन्त्रवादी नेताहरूसँग संवाद गर्न पुगेका हुन् ।

देशमा गणतन्त्र पहिलो संविधानसभाको पहिलो नै बैठकबाटै घोषित भएको हो । गणतन्त्र घोषणा गर्ने तत्कालीन संविधानसभा अध्यक्ष कूलबहादुर गुरुङ हुन् । गुरुङको घोषणासँगै राजतन्त्र इतिहास बन्यो । राष्ट्रप्रमुखको हैसियत हुने राजाको विकल्पमा गणतान्त्रिक प्रणालीअनुसार राष्ट्रपति भए । हालसम्म तीन जना गणतन्त्रको राष्ट्रपति भइसके । तर, जनताको जीवन उस्तै छ । यस्तो परिस्थितिबीच प्रधानमन्त्री दाहालले गणतन्त्रलाई थप सबल बनाउनुपर्ने बताएका हुन् ।

# कोरोना भाइरसविरुद्धको ४० लाख मात्रा डोज खोप खेर जाँदै

**काठमाडौं–** कोरोना भाइरसविरुद्ध ल्याइएको ४० लाख मात्रा खोप खेर जान थालेको छ । चीन सरकारले अनुदानमा उपलब्ध गराएको कोरोना भाइरसविरुद्धको साइनोभ्याक खोप ४० लाख मात्रा प्रयोग नगरी म्याद सकिने थालेको हो ।

बुस्टर डोजका रूपमा प्रयोग गर्न नमिल्ने भएपछि साढे दुई वर्षदेखि स्वास्थ्य सेवा विभागको केन्द्रीय भण्डारणमा तीन खोप थन्किएका छन् । चीन सरकारबाट अनुदानमा २०७८ वैशाख १२ र १४ गते उक्त खोप आएको थियो । वैशाख १२ गते ३४ लाख ४३ हजार ३६० मात्रा र वैशाख १४ गते पाँच लाख ५६ हजार ६४० मात्रा खोप नेपाल आएको थियो ।

व्यवस्थापन महाशाखाका निर्देशक डा. सर्वेश शर्माले बुस्टर डोजका लागि प्रयोग गर्न नमिल्ने भएपछि खोपको म्याद सकिने थालेको बताए। उनले खोपको म्याद सकिन थालेकाले अब प्रयोग गर्न नसकिने बताए । 'अहिले कोरोना भाइरसको महामारी पनि छैन । खोपको म्याद पनि सकिन थालेको छ । त्यसैले अब हामी प्रयोग गर्न सक्दैनौं,' उनले भने ।

खोपको म्याद यही पुस ७ गतेसम्म मात्र छ । उनले खोप त्यतिकै खेर जान थालेपछि उचित व्यवस्थापनका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई पत्राचार गरिएको बताए । 'हामीले दुई पटकसम्म खोप के गर्ने भनेर मन्त्रालयलाई पत्राचार गरिसक्यौं,' उनले भने, 'अब मन्त्रालयले जे गर्न निर्देशन दिन्छ । त्यही गर्दछौं ।'

नेपालमा पहिलो र दोस्रो मात्रा खोप लगाउन मानिस नभएको र बुस्टर डोजका रूपमा प्रयोग गर्न नमिल्ने भएपछि ४० लाख खोप प्रयोगका लागि परराष्ट्र मन्त्रालयबाट कूटनीतिक पहल गरी अन्य देशमा पठाउन पठाउन अनुरोध भएको थियो ।

आपूर्ति व्यवस्थापन शाखाको प्रमुख डा. सुरेन्द्र चौरसियाले विश्व स्वास्थ्य संगठनले उक्त खोप बुस्टर डोजका लागि उपयुक्त नभएको भनेपछि खोप नलगाइएको बताए । 'कोरोना महामारीको बेला खोपको माग गरेर आएको हो । तर खोप नेपाल आउँदा धेरै मानिसले पहिलो र दोस्रो मात्रा खोप लगाइसकेका थिए,' उनले भने, 'खोपलाई डब्ल्युएचओले बुस्टरका लागि प्रयोग गर्न नमिल्ने भनेपछि हामीले खोपको प्रयोग गर्न सकेनौं ।' त्यतिबेला बुस्टर डोजका लागि साइनोभ्याकको सट्टा फाइजर खोप प्रयोग गरिएको थियो । डब्ल्युएचओले प्रयोग नगर्ने भनेपछि राष्ट्रिय खोप सल्लाहकार समितिले खोप नलगाउने निर्णय गरेको हो । *रासस*

## सच्याइएको

प्रभाव दैनिकको वर्ष १० अंक १९२ को मिति २०८०/०७/२१ गते प्रकाशित **शिवनाथ गाउँपालिका**को विज्ञापन ठेक्का न.06/SRMUN/WORKS/2080/081 को सूचनामा Basula Road Construction Works at Shivanath Ward 04 Basula हुनुपर्नेमा अन्यथा हुन पुगेकाले सच्याइएको छ ।

**शिवनाथ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
शिवनाथ, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल

## Department of Roads
## Road Division, Sanfebagar

### आशय-पत्र सम्बन्धी सूचना

**Date of publication: 2080-07-22 (8th November, 2023)**

यस सडक डिभिजनबाट मिति २०८०-०५-१० गतेको "आर्थिक राष्ट्रिय दैनिक" मा सूचना नं. ०८०/८१-०२ को प्रकाशित सूचना अनुसार www.bolpatra.gov.np/egp मार्फत आह्वान गरिएको ठेक्काहरुको लागि म्यादभित्र दर्ता भएका बोलपत्रहरु (विद्युतिय माध्यमबाट प्राप्त) को मुल्याङ्कन पछि न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही रहेका निम्न ठेक्काहरुमा निम्न बोलपत्रदाताहरुको प्रस्ताब सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(१) बमोजिम स्वीकृतिको लागि छनौट भएको व्यहोरा सम्बन्धित सबै बोलपत्रदाताहरुलाई जानकारीको लागि सोही ऐनको दफा २७ उपदफा २ र ३ को प्रयोजनका लागि यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

**निम्न**

| क्र.स. | ठेक्का नं. | न्युनतम मुल्यांकित सारभूतरुपमा प्रभावग्राही बोलपत्रदाता |
|---|---|---|
| 1 | RDSNF/337310113/079/80-40(RE_II) | कुनै पनि बोलपत्रदाता सारभूतरुपमा प्रभावग्राही नभएको । |
| 2 | RDSNF/337310113/079/80-41(RE_II) | कुनै पनि बोलपत्रदाता सारभूतरुपमा प्रभावग्राही नभएको । |

**Division Chief**

## गंगटे-समुन्द्रटार-गोल्फुभञ्ज्याङ (४३ कि.मि.) सडक खण्ड स्तरोन्नति आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको सार्वजनिक सुनुवाई कार्यक्रम

प्रथम पटक प्रकाशित मिति: २०८०/०७/२२

बागमती प्रदेश, नुवाकोट जिल्लाको लिखु गाउँपालिका, सुर्यगढी गाउँपालिका, तादी गाउँपालिका र दुप्चेश्वर गाउँपालिकामा सडक डिभिजन नुवाकोट, सडक विभागद्वारा निम्न बमोजिम प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | सडक डिभिजन, नुवाकोट, बिदुर, नुवाकोट<br>फोन नं: १० -५६०२५३<br>इ-मेल: rd_nuwakot@dor.gov.np |
| प्रस्तावको व्यहोरा | गंगटे-समुन्द्रटार-गोल्फुभञ्ज्याङ (४३कि.मि.) सडक खण्ड स्तरोन्नति आयोजना<br>क्षेत्राधिकार (Right of Way): ३० मि. (१५ मि. दुवैतिर)<br>फर्मेसन चौडाइ (Formation Width) :९ मि., सडकको लम्बाइ: ४३ कि.मि.<br>प्रस्तावित सडकको सतह: DBST/RCC |
| प्रभाव पर्ने जिल्ला/गा.पा. | नुवाकोट जिल्ला:<br>लिखु गाउँपालिका वडा नं १,२ सुर्यगढी गाउँपालिका वडा नं ५<br>तादी गाउँपालिका वडा नं २,३,४,५,६ दुप्चेश्वर गाउँपालिका वडा नं २,३,४,६ |

वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७ अनुसार प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीको क्रममा सार्वजनिक सुनुवाई गर्नुपर्ने प्रावधान अनुरूप आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन सम्बन्धी जानकारी गराउने लक्ष्यका साथ सार्वजनिक सूचना मार्फत आयोजनाबाट प्रभावित गाउँपालिका अन्तर्गतका सरकारी संघ/संस्था, विद्यालय, स्वास्थ्य चौकी तथा व्यक्ति एवं सरोकारवालालाई निम्न मिति, समय तथा स्थानमा उपस्थिति भई अमूल्य राय सुझाव तथा प्रतिक्रिया दिनका लागि हार्दिक अनुरोध गरिन्छ ।

| स्थान | मिति | समय |
|---|---|---|
| सुर्यगढी गाउँपालिका वडा नं ५, माछापोखरी मन्दिर परिसर | २०८०/०७/२३ | बिहान ८ बजे |
| दुप्चेश्वर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय सभाहल, समुन्द्रटार | २०८०/०७/२३ | दिउँसो १ बजे |
| तादी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय सभाहल, खरानीटार | २०८०/०७/२४ | बिहान ८ बजे |

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/०७/२२ गते)

मणि कण्ठ पाध्याको नाति, लक्ष्मीधरको छोरा चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं ०४ लंकु बस्ने नरी नारायण पाध्याको मिति २०८०/०२/२२ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको लंकु शाखामा रहेको बचत खाता नं. १६३००१४२०३२००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको श्रीमतिले यस बैंकको शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजातसहित यस बैंकको शाखा कार्यालय लंकुमा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

**कुमारी बैंक लिमिटेड**
**KUMARI BANK LIMITED**
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय लंकु, चितवन फोन नं :०५६-५९०६५०/७५०/८५०**

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/०७/२२ गते)

कृष्ण लाल साखको नाती, श्रीमान राम भक्त साख/श्रीमती रत्न देवी साखको छोरा, शान्ती देवी साखकर्मीको पति, काठमाण्डौ जिल्ला, काठमाण्डौ म.न.पा., वडा नं. १४ (साविक काठमाण्डौ म.न.पा. ०१) स्थायी ठेगाना भई हाल ऐ.ऐ. बस्ने (ना.प्र.नं. ३२४/०२५, जारी मिति २०२५/०३/०८, अञ्चलाधी कार्यालय बाग्मती अञ्चल) इन्द्र भक्त साखकर्मीको मिति २०७६/०२/०४ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको बनेपा शाखामा रहेको बचत खाता नं.१०३०१७७७७४००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको श्रीमती शान्ती देवी साखकर्मीले यस बैंक बनेपा शाखामा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र आफ्नो हकलाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजात सहित यस बैंकको शाखा कार्यालय बनेपामा वा प्रधान कार्यालय, टंगाल, काठमाडौंमा हक दावी गर्न आउनु होला । म्याद भित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

**कुमारी बैंक लिमिटेड**
**KUMARI BANK LIMITED**
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय बनेपा फोन नं : ०११-६६१२९८/६६१३०९**

## भीमदत्त नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**
**कञ्चनपुर, महेन्द्रनगर**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

BHEEMDATT MUNICIPALITY

### आन्तरिक आयको ठेक्का सूचना

**प्रथम पटक प्रकाशित मिति – २०८०/०६/१७**
**दोस्रो पटक प्रकाशित मिति – २०८०/०७/१४**
**तेस्रो पटक प्रकाशित मिति – २०८०/०७/२२**

भीमदत्त नगरपालिकाको देहाय वमोजिमका आन्तरिक आयका ठेक्का बोलपत्रका माध्यमबाट गराउनुपर्ने भएको हुँदा देहाय बमोजिमको ठेक्काको लागी मिति २०८०/७/२२ का दिन सबै योग्य बोलपत्रदाताहरुको लागी सार्बजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय पोर्टल www.bolpatra.gov.np मार्फत बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ । बोलपत्र पेश गर्ने अन्तिम मिति २०८०/८/५ गते दिनको १२:०० बजे सम्म र बोलपत्र खोल्ने मिति २०८०/८/५ गते दिनको १:०० बजे कायम गरिएको छ । बोलपत्र पेश अनिवार्य रुपमा विद्युतीय माध्यमबाट मात्र पेश गर्नु पर्नेछ ।

देहाय

| आन्तरिक आय ठेक्का नं. | आन्तरिक आय ठेक्काको नाम | न्युनतम बोलपत्र कबोल अंक रु. (भ्याट बाहेक) | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|
| 07/IR/2080/081 | रौटेला खोलाको प्राकृतिक श्रोत नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा तथा ग्राभेल) को बिक्री शुल्क संकलन | ८८,६२,००२।६० | ३,०००।०० |
| 08/IR/2080/081 | गौताडी खोलाको प्राकृतिक श्रोत नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा तथा ग्राभेल) को बिक्री शुल्क संकलन | १२,९३,५०३।६९ | ३,०००।०० |
| 09/IR/2080/081 | खन्या खोलाको प्राकृतिक श्रोत नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा तथा ग्राभेल) को बिक्री शुल्क संकलन | १,४४,३३,९१२।९० | ३,०००।०० |
| 10/IR/2080/081 | भिमारीगाड खोलाको प्राकृतिक श्रोत नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा तथा ग्राभेल) को बिक्री शुल्क संकलन | ७८,२५,६९७।३५ | ३,०००।०० |

बिस्तृत जानकारीका लागी www.bolpatra.gov.np मा हेर्न हुन वा यस कार्यालयमा सम्पर्क गर्नहुन अनुरोध गरिन्छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

भूकम्पमा परी अपांगता भएकाको माग

# हामीलाई प्राथमिकता दिइयोस्

■ टेकराज केसी

**भेरीगंगा (सुर्खेत)**– रुकुम आठबिसकोट नगरपालिका-१३ सोताका भरतजंग दृष्टिविहीन छन् । हिँड्डुल गर्न उनलाई अरूको सहायता चाहिन्छ । उनकी श्रीमती पनि शारीरिक अपांगता छिन् । गाउँमै जसोतसो सानो घर बनाएर बस्ने जोहो गरेका भरतको घर यही कात्तिक १७ गते राति आएको भूकम्पले ध्वस्त बनायो । घर भत्के पनि धन्नले ज्यान जोगाउन सफल भएका उनका दम्पति अहिले राहतको पर्खाइमा छन् ।

सरकारले राहत वितरण त सुरु गरे पनि उनीहरूले राहतको नाममा एउटा त्रिपालमात्रै पाएका छन् । 'घरमा खाने अन्न पनि छैन । घर पनि भूकम्पले ध्वस्त बनायो । आफैं अपांग छौं,' भरत दुखेसो पोख्छन्, 'सरकारले यस्तो बेलामा हामीजस्ता अपांगता भएका व्यक्तिहरू जो भूकम्पपीडित भएका छौं, उनीहरूलाई पहिलो प्राथमिकता राखेर राहत दिनुपर्ने हो तर त्यसो हुन सकेको छैन ।'

'हरेक क्षेत्रमा अपांगता भएका व्यक्तिहरूको पहुँच पुग्न नसकेको र भूकम्पका कारण अझै पीडित बन्नुपरेको छ,' उनी भन्छन्, 'अपांगता भएका व्यक्तिहरूको पहुँच हरेक क्षेत्रमा कमजोर छ । अझै यो भूकम्पका कारण पीडित बनेका हामीजस्ता अन्य व्यक्ति पहुँच नपुगेरै त होला राहत पाउन सकेका छैनन् ।'

रुकुम पश्चिम त्रिवेणी गाउँपालिका-१ कल्लेरीका डिलसरा बोहोरा खड्काको पनि शारीरिक त्यस्तै छ । राम्रोसँग हिँड्डुल गर्न नसक्ने उनको घर पनि भूकम्पले भत्कायो । घर भत्किने बेलामा घरमाथिबाट बाँच्ने आसले श्रीमान् श्रीमती नै हाम फाल्दा श्रीमान् सामान्य घाइते भए । उनको ढाडमा चोट लागेको छ । छिनभरमै घरबारविहीन बनेकी डिलसराको परिवार अहिले खुला आकासमुनि बस्दै आएको छ । अहिलेसम्म सहयोगका लागि कोही पनि नआएकाले वडाध्यक्षलाई फोन गरेर राहतको पहल गरिदिनको अनुरोध गरिरहे उनले पनि राहत पाएका छैनन् ।

'म खुट्टाले हिँड्न नसक्ने मान्छे भूकम्पमा परी धन्नले बाँचे । घर भत्कियो, अहिलेसम्म के कति क्षति भयो भनेर कसैले वास्ता नगरेपछि वडाध्यक्षलाई राहतका लागि पहल गरिदिन फोन गरिरहेको छु,' उनको बिलौना छ, 'सबैभन्दा पहिले भूकम्पले हामीजस्ता अपांगता भएका व्यक्तिहरू के कति छन् खोज्नुपर्‍यो अनि सरकारले पहिलो प्राथमिकतामा राखेर राहत दिनुपर्छ ।'

जाजरकोट भेरी नगरपालिका-३ का लोकेन्द्र कार्की हेमोफिलियासम्बन्धी अपांगता छन् । उनी कात्तिक १७ गते टिभी हेर्दै थिए । भूकम्प आएपछि घरको छतले उनी पुरिए । धेरैपटक बोलाउँदा पनि कसैले सुनेनन् तर धेरै समयपछि लोकेन्द्रको उद्धार भयो । घाइते भएका उनी अहिले बाँकेको भेरी अस्पतालमा उपचार गराइरहेका छन् । लोकेन्द्रको परिवार पनि अहिले घरबारविहीन भएको छ । जिल्ला सदरमुकाम भएको हुँदा उनले केही रूपमा राहत त पाइरहे पनि अपांगता भएका अन्य व्यक्तिहरू भूकम्पको चपेटामा परे पनि अहिलेसम्म राहत पाएका छैनन् ।

'सरकारले यस्तो विपद्को बेलामा हामीजस्ता अपांगता व्यक्तिहरूलाई ध्यान दिनुपर्छ । उनीहरू यस्तो बेलामा धेरै पीडामा परेका हुन्छन् । राहत सामग्री पनि पहिलो प्राथमिकतामा राखेर दिनुपर्छ तर त्यसो भएको देखिँदैन । कति अपांगता भएका व्यक्तिहरू अहिले झन् पीडित छन् त्यसको यकीन डेटा पनि संकलन भएको छैन,' लोकेन्द्र भन्छन् ।

विपद्को बेला सबैभन्दा समस्या र जोखिममा अपांगता भएका व्यक्तिहरू पर्दै आएका छन् । पहुँचयुक्त संरचना नहुँदा उनीहरू समस्यामा पर्दै आएका छन् । बाढी, पहिरो र भूकम्पजस्ता विपद्का घटनामा अपांगता भएका व्यक्तिहरू झनै जोखिममा हुन्छन् । यस्तो बेलामा पहिलो प्राथमिकता राखेर सरकारले राहत र पुनःस्थापनाको काम गर्नुपर्ने सरोकारवालाहरू बताउँछन् ।

अपांगताको क्षेत्रमा काम गर्दै आएका अपांग महासंघ कर्णाली प्रदेशका जितलाल ढकाल भूकम्पमा परी कति अपांगता भएका व्यक्तिहरू समस्यामा परेका छन् भनेर डेटा पनि संकलन नगरिएको बताउँछन् । उनी भन्छन्, 'भूकम्पले कति जनधनको क्षति गर्‍यो यस्तो बेलामा अपांगता भएका व्यक्तिहरू अझै कति पीडित छन् तर सरकारले कति व्यक्ति घाइते भए, कति अपांगता भएका व्यक्तिहरू घरबारविहीन भए भनेर कुनै तथ्यांक ल्याएको छैन, यो दुःखद हो । सबै व्यक्तिलाई एउटै डालोमा हालेर राहत र पुनःस्थापनाको काम गर्दा अपांगता भएका व्यक्तिहरूको पहुँच पुग्न नसक्ने चिन्ता रहेको छ ।'

सरकारले भने कोही कसैलाई पनि पहुँचबाट टाढा नराख्नेगरी एकद्वार प्रणालीबाट राहत र पुनःस्थापनाको काम गरिने बताउँदै आएको छ । जाजरकोट र रुकुम पश्चिममा भूकम्पमा परी अपांगता भएका तीन व्यक्ति घाइते भएका छन् भने एकजनाको मृत्यु भएको छ । जाजरकोटको जम्मा जनसंख्याको पाँच र रुकुम पश्चिममा चार प्रतिशत अपांगता भएका व्यक्तिहरू रहेको तथ्यांक छ । *रासस*

# 'नेपाल विश्वकै ठूलो सुरक्षाप्रदायक राष्ट्र'

**काठमाडौं (प्रस)**– सुरक्षाविद् चिरनजंग थापाले नेपाल विश्वकै एक ठूलो सुरक्षा प्रदायक देश रहेको बताएका छन् । उनले विश्वका ठूला आणविक हतियार सम्पन्नसहित अधिकांश मुलुकका लागि नै नेपाल एक ठूलो सुरक्षा प्रदायक देशका रूपमा भूमिका निर्वाह गरिरहेको बताएका हुन् ।

भारतको राजधानी नयाँदिल्लीमा हालै आयोजित सुरक्षासम्बन्धी अन्तर्राष्ट्रिय कार्यक्रम 'चाणक्य डायलग' मा मुख्यवक्ता (कि नोट स्पिकर) का रूपमा सहभागी थापाले विश्वका प्रमुख पाँच आणविक हतियार सम्पन्न मुलुकमा सुरक्षाका क्षेत्रमा विशेष योगदान दिइरहेको दाबी गरे ।

'भारत, बेलायत, फ्रान्स, अमेरिका, रसियालगायत विभिन्न मुलुकमा नेपाली सेनालगायत विभिन्न सुरक्षा अंग तथा संयन्त्रमा सेवारत छन्,' उनले भने, 'त्यसका साथै विश्वका ६८ भन्दा बढी मुलुकमा सुरक्षागार्डका रूपमा काम गर्ने संख्या हेर्दा नेपाल विश्वका अधिकांश मुलुकका लागि सुरक्षा प्रदायक मुलुकका रूपमा काम गरिरहेको छ ।' उनले नेपाल संयुक्त राष्ट्रसंघमार्फत शान्ति सेनाका रूपमा विश्वका विभिन्न देशमा काम गरिरहेकामध्ये दोस्रो ठूलो मुलुक भएकोसमेत उल्लेख गरे ।

भारतले हालै जी-२० सम्मेलन सफलतापूर्वक सम्पन्न गरेकामा बधाई दिँदै थापाले सो सम्मेलनमा छिमेकी मुलुक बंगलादेशलाई निमन्त्रणा गर्दा नेपाललाई नगरेकामा पनि प्रश्न गरेका थिए । थापाले भारतले हालै चन्द्रमामा सफलतापूर्वक 'चन्द्रयान' अवतरण गराएको खुसी नेपालीले पनि मनाएको उल्लेख गर्दै भारत सदियौंदेखि विश्वको केन्द्र रहेको बताए ।

थापाले शक्ति कहिल्यै पनि स्थायी नहुने भन्दै आजका दिनमा शक्तिशाली मुलुक भोलि अर्थात् सधैँ शक्तिसम्पन्न भएर रहन नसक्ने दलिल पनि पेस गरे । उनले शक्तिको परिभाषा दिँदै कुनै पनि व्यक्ति, समाज या देश शक्तिशाली ठहरिने आधारहरू समय समयमा परिवर्तनशील भइरहने उदाहरण पनि प्रस्तुत गरे ।


सुदुरपश्चिम प्रदेश सरकार

**सेती प्रादेशिक अस्पताल**

**धनगढी, कैलाली**

## शिलबन्दी प्रस्ताव आब्हान सम्वन्धि सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति: २०८०/०७/२२

सेती प्रादेशिक अस्पताल कैलालीको लागि तपशिलमा उल्लेख भए बमोजिमका सुरक्षा तथा सरसफाइ सेवाको जनशक्ती सेवा करारमा लिनु पर्ने भएकोले श्रमिक आपूर्ति गर्न इजाजत प्राप्त ईच्छुक श्रमिक आपूर्तिकर्ता फर्म/संस्था/कम्पनीहरुले यो सुचना प्रकाशित भएको मितिले १६ (सोह्र) दिनको १२ बजेभित्र रितपुर्वक शिलबन्दी प्रस्ताव पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. शिलवन्दी प्रस्ताव खरिदका लागि प्रस्ताव फाराम उल्लेखित समयभित्र यस अस्पतालको कार्यालय कोड **३५००२७७०३७** राष्ट्रिय वाणिज्य बैंक कैलाली स्थित राजश्व हिसाब न **१४२२९** मा रा.बा. बैंक राजश्व खाता न **१०००१००२०००१००००** मा तोकिए बमोजिमको रकम जम्मा (फिर्ता नहुने ) गरि यस अस्पतालमा सक्कलै बैंक भौचर पेश गरी शिलवन्दी प्रस्ताव सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समयभित्र खरिद गर्न सकिनेछ ।
२. शिलवन्दी प्रस्ताव खरिदका लागि फर्म, संस्था वा कम्पनीको दर्ता प्रमाणपत्र (हाल सम्मको नविकरण समेत) भएको जनशक्ति आपूर्ति गर्ने इजाजत पत्रको प्रतिलिपी, आयकर दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र र आ.ब. २०७९/२०८० सम्मको करचुक्ता प्रमाणपत्र, सामाजिक सुरक्षाकोषमा दर्ता भएको प्रमाणपत्र पेश गर्नु पर्नेछ ।
३. सूचना प्रकाशित भएको मितिले १६ औं दिनको दिउँसो १२ बजे सम्ममा दर्ता गर्नु पर्नेछ । रितपुर्वक दर्ता भएको प्रस्तावहरू सोही दिनको २.०० बजे सम्बन्धित प्रस्तावदाताहरूको रोहवरमा (उपस्थित नभए पनि) खोलिने छ ।
४. सिलवन्दी प्रस्तावमा जमानत वापत उल्लेखित रकम प्रदेश लेखा नियन्त्रक कार्यालय धनगढी कैलालीको राष्ट्रिय वाणिज्य बैंक धनगढी शाखा स्थित हि.नं. **४१७०१००२०२०३००००** धरौटी खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बराबरको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त नेपालको कुनै बित्तिय संस्थाबाट यस अस्पतालको नाममा जारी भएको शिलबन्दी प्रस्ताव खोल्ने मितिबाट १२० दिन मान्य अवधि भएको बिना शर्तको बैंक जमानतपत्र अनिवार्य रूपमा संलग्न गर्नु पर्ने छ ।
५. शिलवन्दी प्रस्तावपत्र आंशिक वा पूर्ण रूपले कुनै कारण जनाई वा नजनाई स्वीकृत गर्ने वा नगर्ने वा सूचना रद्द गर्ने सम्पुर्ण अधिकार यस सेती प्रादेशिक अस्पतालमा सुरक्षित रहनेछ ।
६. शिलवन्दी प्रस्ताव सम्बन्धि अन्य जानकारीको लागि कार्यालय समयभित्र कार्यालयमा सम्पर्क गरी बुझ्न सकिनेछ ।
७. सूचना र शिलवन्दी प्रस्तावमा उल्लेख नभएका कुराहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४, श्रम ऐन २०७४ र श्रम नियमावली २०७५ तथा प्रचलित कानुन बमोजिम हुनेछ ।
८. सेवा करारमा उपलब्ध गराउनु पर्ने करार सेवाका जनशक्तिहरुको बिवरण ।

| शिलवन्दी प्रस्ताव नं. | प्रस्ताव पेश गर्ने माध्यम | करार सेवा विवरण | प्रस्ताव दस्तुर | प्रस्तावको लागि जमानत रकम |
|---|---|---|---|---|
| SPH/NCB/2080/2081–05 | शिलवन्दी प्रस्ताव | सुरक्षा सेवा | ३०००। | १५०००। |
| SPH/NCB/2080/2081–06 | शिलवन्दी प्रस्ताव | सरसफाइ सेवा | ३०००। | २३६०००। |



## अधिकृत वारेसनामा बदर गरिएको सूचना

ज्ञानचन महतोको नाती बतहु महतो कोइरीको छोरा ना.प्र.नं. १८२६३११६ जि.प्रशा. का महोत्तरीबाट मिति २०५५/०४/०६ मा जारी भए अनुसार हरि महतोले लक्ष्मण तामाङ्गको नाती मान बहादुर तामाङ्गको छोरा ना.पं.नं. २२१०४०/१५६ जि.प्रशा.का. दोलखाबाट मिति २०६५/०२/१९ मा जारी भए अनुसार प्रकाश लोप्चनलाई हरि महतोको नाममा दर्ता रहेको जिल्ला महोत्तरी विजलपुरा गा.वि.स. वडा नं. ३/३ (क) कि.नं. ६५६ क्षे.फ. ०-५-१६.५-० मुलुकी देवानी कार्यविधि संहिता २०७४ को दफा १५४ बमोजिम जग्गा बिक्रि वितरण, हक हस्तान्तरण लगायतका काम गर्नका लागि मिति २०८०/०६/१७ गते अधिकृत वारेस नियुक्ती गरेकोमा आजकै मितिबाट अधिकृत वारेसनामा बदर भएको यो सूचना प्रकाशित गरिएको छ ।

**हरि महतो**



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

## हक दावी गर्न आउने बारेमा सूचना

यस कार्यालयमा मिति २०७९/०५/०९ मा दर्ता भएको प्रा.लि.नं २९७३९० को अर्गानिक स्मुथि वोल एण्ड क्याफे प्रा.लि.नामक कम्पनीले दर्ता खारेज गरीपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसंग ऋृण लिएको वा सो कम्पनीको कुनै तिर्न बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागी ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।



## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/०७/२२ गते)

जित बहादुर बुढाथोकीको नाती, श्रीमान मन बहादुर बुढाथोकी /श्रीमती बकुला कुमारी बुढाथोकीको छोरा, खिमा खडकाको पति, बाँके जिल्ला, खजुराखुर्द गा.पा., वडा नं. ०९ (साविक जानकी गा.पा., वडा नं. ०४ ) स्थायी ठेगाना भई हाल ऐ.ऐ. बस्ने (ना.प्र.नं. ६६१०३६/२७९, जारी मिति २०६७/११/३०, जिल्ला प्रसाशान कार्यालय, बाँके) नन्द बहादुर बुढाथोकीको मिति २०८०/०४/१८ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको बनेपा शाखामा रहेको बचत खाता नं.१०३००४९५९१३००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको श्रीमती खिमा खड्काले यस बैंक बनेपा शाखामा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र आफ्नो हकलाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजात सहित यस बैंकको शाखा कार्यालय बनेपामा हक दावीगर्न आउनुहोला । म्याद भित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय बनेपा फोन नं : ०११-६६१२९८/६६१३०९**



# Marma Rural Municipality

**Office of Rural Municipal Executive**

**Latinath, Darchula**

## INVITATION FOR BIDS

**Date of publication: 2080/07/22**

1. Marma Rural Municipality, Latinath, Darchula invites electronic bids from Nepalese eligible bidders for the following contracts under National Competitive Bidding procedures.

| S.N | Contract ID | Description of Work and Contract No. | Estimated Cost (Incl. VAT& PS) (NRs.) | Bid Security Amount (NRs.) | Price of Bidding Document (NRs.) |
|---|---|---|---|---|---|
| 1. | MARMA/NCB/ WORKS/01/2080-081 | Construction of Paribagad-Gholjar-Paramchula Road | 15433129.83 | 386000.00 | 3000.00 |
| 2. | MARMA/NCB/ WORKS/02/2079-080 | Construction of Latinath-Sarsi-Bajani Road | 4821292.26 | 120000.00 | 3000.00 |
| 3 | MARMA/NCB/ WORKS/03/2080-081 | Construction of Marmati Water Supply Project | 19297340.41 | 500000.00 | 3000.00 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office ofMarma Rural Municipality, Latinath, Darchula , Phone: 9840196763, E-mail: rm.marma.darchula@gmail.comor may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Eligible bidders may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp. Biddersshould deposit the cost(as specified above) of bidding document in the bank account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Sunrise Bank Ltd. Name of Office: Marma Rural Municipality, Latinath, Darchula
   Office Code no. : 801077306 Office Account no.: 0830552746703006
4. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egpon or before 12:00 Noon on 2080-8-22 and bidswill be opened on the same date at 1:00 PM. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format which shall be valid for 30 days beyond the validity period of the bids.
5. Matters not covered in this tender notice shall be in accordance with Public Procurement Act, 2063 and Public Procurement Regulation, 2064 and other prevailing rules and regulations of Nepal.

**ASSISTANT CHIEF ADMINISTRATIVE OFFICER**

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## गणतन्त्रको जग बलियो बनाऊ

डेढ दशक हुँदा पनि गणतन्त्रलाई सबल बनाउन गणतन्त्र पक्षधर राजनीतिक दलहरू चुके । परिणामतः गणतन्त्रको जग अझैसम्म मजबुत बन्न सकेको छैन । सरकार र यसका सरोकारवाला दलहरू गणतान्त्रिक प्रक्रियामै नगएको विश्लेषणसमेत हुँदै आएको छ । यसले गर्दा जनताले राजतन्त्र र गणतन्त्रमा तात्त्विक अन्तर अनुभूत गर्न पाएका छैनन् । यदि, परिवर्तन भएको मान्ने हो भने राजाको ठाउँमा राष्ट्रपति मात्रै हो ।

जतिबेला गणतन्त्र स्थापना (१५ जेठ २०६५ मा) भयो, माओवादीको भाषामा 'सामन्तवादको मुख्य नाइके' भनिएको राजा र राजा अनिवार्य हुने राजतन्त्रलाई हटाइएको भन्दै देशभर खुसियाली मनाइएको थियो । २४० वर्षे राजसंस्था ढालिएको भन्दै गणतन्त्र पक्षधर हरूले उत्सव मनाएका थिए । आजपर्यन्त हरेक वर्षको १५ जेठमा हर्ष बढाइँ नै गर्ने गरिन्छ । तर, गणतन्त्र संस्थागत भइसकेको छैन । धरमरमा छ । यसले गर्दा गणतन्त्रवादीहरू सशंकित छन् ।

मंगलबार गणतन्त्रवादी नेतासमेत रहेका प्रधानमन्त्री पुष्पकमल दाहालले गणतन्त्र पक्षधर दलका नेताहरूसँग यसबारे छलफल नै गरे । यसअघि भने यस्तो संवाद हुने गरेको थिएन । जहाँ दाहालले गणतन्त्रमाथि आक्रमण भइरहेको र यसप्रति सचेत रहँदै छिटो गणतन्त्रको जग बलियो बनाउनुपर्नेमा जोड दिएको बताइएको छ ।

फेरि, यहीबेला राजतन्त्रको पक्षमा तुलनात्मक रूपमा जनमत बढेको देखिएको छ । देशको अन्तिम राजा ज्ञानेन्द्र शाहको सक्रियता पनि बढ्दो छ । शक्तिकेन्द्रको पूजा गर्न उनी कहिलेकाहीँ भारत पुग्ने गरेका छन् । जनताको मनोभावना बुझ्न मन्दिर दर्शनको नाममा जनतासँग उनी प्रत्यक्ष भेटवार्ता गर्छन् । राप्रपाले पनि राजा फर्काउने भन्दै राजतन्त्रको एजेण्डालाई घनिभूत बनाइरहेको छ ।

उसो त राणाशासनको अन्त्य भएपछि पनि राणाहरूले सत्ता फर्काउन प्रयास नगरेका होइनन् । पञ्चायत ढलेपछि पूर्वपञ्चहरूले पञ्चायत कायमै राख्न अनेक षड्यन्त्र र तिक्डम रचेकै हुन् । हरेक राजनीतिक व्यवस्था परिवर्तन हुँदा प्रतिक्रियावादी शक्तिहरू गुमेको सत्ता र व्यवस्थाका खातिर संघर्ष गर्छन् । जसरी अहिले गुमेको राजतन्त्र र गुमेको राजाजस्तो राष्ट्राध्यक्षको पद प्राप्ति खातिर राप्रपा र देशको अन्तिम राजा ज्ञानेन्द्र जोडबल गरिरहेका छन् ।

जुन निरर्थक छ । बरु, गणतन्त्रको संस्थागत विकास गर्दै यसको दीगोपनाको आधारशीला छिटो तयार गरिनुपर्छ र गणतन्त्रमा जनताको जीवन, देशको विकाससँगै समृद्धिको पाटोमा छलाङ्ग परिवर्तन हुनैपर्छ । जुन जनअनुभूत हुनुपर्छ । होइन भने जनताले मन्त्रजसरी गणतन्त्रलाई जपिरहँदैनन् । बेलायतमा जसरी राजनीतिक व्यवस्था उल्टिन पनि सक्छ ।

# सामान्य विज्ञानको विकास प्रक्रिया



▸▸ मिलन आफन्त

> प्रकाश विज्ञानको अनुसन्धानको सुरुआती क्रमदेखि लिएर १७औँ शताब्दीसम्म कुनै यस्तो समय थिएन, जब प्रकाशको तात्त्विक प्रकृतिको विषयमा सबै अनुसन्धानकर्ताहरूद्वारा समानरूपले स्वीकृत कुनै एक धारणा विद्यमान रहेको होस् । यसको विपरीत अनेक प्रतिस्पर्धी विचार पद्धतिहरु एवं उपविचार पद्धतिहरु सदैव रहन्थे, जसमध्येबाट धेरै एपिक्युरस, एरिस्टोटल वा प्लेटोको सिद्धान्तको कुनै न कुनै रुपान्तरणको समर्थन गर्दथे ।

'सामान्य विज्ञान' शब्दको प्रयोग यस्तो अनुसन्धानका लागि गरिन्छ, जुन पछिल्लो एक वा अनेक वैज्ञानिक सफलताहरूमा पूर्णरूपले आधारित हुन्छ । यी सफलताहरू यस्तो हुनुपर्दछ कि कुनै विशेष वैज्ञानिक समुदायले तिनलाई कम्तीमा केही समयका लागि आफ्नो व्यावसायिक व्यवहारका लागि आधारभूत र मार्गदर्शक मानून् । यस्ता सफलताहरूको कहानी प्रारम्भिक र उच्चस्तरीय वैज्ञानिक पाठ्यपुस्तकहरूद्वारा वर्तमान समयमा फेरि दोहोऱ्याइन्छ । तर, यसप्रकार ऐतिहासिक घटनाहरूलाई आफ्नो मूल स्वरूपमा कहिल्यै प्रस्तुत गरिँदैन । यी पाठ्यपुस्तकहरूले मान्य सिद्धान्तलाई प्रतिपादित गर्दछन्, तिनिहरूका लगभग सबै सफल अनुप्रयोगहरूको व्याख्या गर्दछन् र यी अनुप्रयोगहरूको तुलना उदाहरणरूपी अवलोकन र प्रयोगबाट गर्दछन् ।

यी पुस्तकहरू लोकप्रिय हुनुभन्दा पहिले १९औं शताब्दीको सुरुमा विज्ञानका धेरै प्रसिद्ध शास्त्रीयग्रन्थ यस कामका लागि प्रयुक्त हुन्थे । जुन वैज्ञानिक क्षेत्र अहिले नै परिपक्व भएका छन्, तिनिहरूका लागि यो कुरा अझै पनि आधुनिक समयका लागि हुन्छ । केही समयसम्म एरिस्टोटलको 'फिजिका', टोलमीको 'अल्मागेस्ट', न्यूटनको 'प्रिन्सिपिया' एवं 'अप्टिक्स', फ्रैंकलिनको 'इलेक्ट्रिसिटी' ल्यावोयजिएको 'केमिस्ट्री' र लायलको 'जियोलोजी' इत्यादि ग्रन्थका साथै अन्य धेरै पुस्तकहरू अनुसन्धानककर्ताहरूको भावी पुस्ताका लागि आफ्ना क्षेत्रका वैध समस्या र प्रणालीहरू निर्धारित गर्ने काममा आइरहे । यी सबै ग्रन्थले यो भूमिका त्यसकाण निभाउन सके किनकि यी सबैमा निम्नलिखित दुई विशेषताहरू समानरूपले विद्यमान थिए ।

एक त तिनिहरूको सफलता यस हदसम्म अभूतपूर्व थियो जसले वैज्ञानिक गतिविधिलाई अन्य प्रतिस्पर्धी पद्धतिहरूबाट हटाएर अनुयायीहरूको एक टिकाऊ दललाई आफूतिर आकर्षित गर्न सक्यो । अर्को कुरा यो तिनिहरूमा अगाडिका लागि यति अधिक कामको सम्भावना विद्यमान थियो कि अनुसन्धानकर्ताहरूको पुनर्गठित दलका लागि हल गर्न योग्य विविध प्रकारका समस्याहरू उपलब्ध हुन गए ।

जुन सफलताहरूमा उपरोक्त दुई लक्षण विद्यमान हुनेछन्, अगाडिबाट तिनिहरूका लागि म 'प्याराडाइम' (अनुसन्धानको परिधि, त्यसको प्रक्रिया र त्यसको पद्धति) शब्दको प्रयोग गर्नेछु, यो एक यस्तो पारिभाषिक शब्द हो, जुन 'सामान्य विज्ञान'सँग धनिष्ठतापूर्वक सम्बन्धित हुन्छ । यो शब्द चुनेर म यो प्रस्तावित गर्न चाहन्छु कि वास्तविक वैज्ञानिक व्यवहारका केही स्वीकृत उदाहरण जसमा नियम, सिद्धान्त, अनुप्रयोग र मन्त्र-समुच्चय इत्यादि सबै समावेश छ, यस्तो मण्डल उपलब्ध गराउँदछ, जसमाथि वैज्ञानिक अनुसन्धानको विशेष समञ्जस्ययुक्त परम्पराहरू आधारित हुन जान्छ ।

इतिहासकार यी परम्पराहरूका लागि 'टोलमीय खगोलविज्ञान' (वा 'कोपरनिकसको खगोलविज्ञान') एरिस्टोटलको 'गतिविज्ञान' (वा न्यूटनीय गतिविज्ञान), 'कणिका प्रकाशविज्ञान' (वा 'तरंग-प्रकाश-विज्ञान') जस्ता आकर्षक शीर्षकहरूको प्रयोग गर्दछन् । प्याराडाइमहरूको अध्ययन त्यो प्रक्रिया हो जसको माध्यमबाट अध्ययनकर्ता आफ्नो भावी व्यावसायिक समुदायको सदस्यताका लागि तयार हुन्छ । यो कुरा यस्ता प्याराडाइमहरूका लागि पनि लागू हुन्छ, जसको प्रयोग उपरोक्त उदाहरणहरूमा वर्णित प्याराडाइमहरूको अपेक्षा कयौं धेरै सीमित क्षेत्रहरूमा होस् । किनकि व्यवसाय ती यस्ता मानिसहरूसँग काम गर्दछन्, जुन सबैले आफ्नो क्षेत्रको आधारभूत सिद्धान्त एक समान ठोस मण्डलबाट सिकेका छन् ।

त्यसकारण भविष्यको व्यवहारमा आधारभूत प्रश्नहरूलाई लिएर कुनै गम्भीर मतभेद कहिल्यै खडा हुँदैन । जो मानिसहरूको अनुसन्धान एक समान प्याराडाइममा आधारित हुन्छ, ती वैज्ञानिक व्यवहारको समाननियमहरू एवं मापदण्डहरूप्रति प्रतिबद्ध हुन्छन् । यो प्रतिबद्धता र यसबाट उत्पन्नहुने प्रकट मतैक्य सामान्य विज्ञान गर्नका लागि पूर्वसर्त हुन्, अर्थात् कुनै विशेष अनुसन्धान परम्पराको उत्पत्ति र त्यसको निरन्तर जारी रहनका लागि अनिवार्य छ ।

यद्यपि, यस पुस्तकमा प्याराडाइम शब्दको प्रयोग विभिन्न सुपरिचित धारणाहरूका लागि गरिन्छ त्यसकारण यस विषयमा स्पष्टीकरण दिनु आवश्यक छ कि हामी यो परिभाषा किन प्रयोग गर्न चाहन्छौं । कुनै निश्चित वैज्ञानिक सफलता व्यावसायिक प्रतिबद्धताको केन्द्रबिन्दु कसरी बन्न जान्छ र यसप्रकार यस सफलताबाट पूर्ण तरिकाले स्वतन्त्र रूपले प्रतिपादित हुने वैज्ञानिक धारणाहरू, नियमहरू, सिद्धान्तहरू र दृष्टिकोणहरूभन्दा पहिले प्याराडाइम किन प्रकट हुन्छ ? वैज्ञानिक विकासको अध्ययनकर्ताका लागि कुन अर्थमा सर्वमान्य प्याराडाइम एक यस्तो आधारभूत एकाइ हो, जसलाई तार्किक विश्लेषणद्वारा यस्ता र अधिक साना एकाइहरूमा तोड्न सकिँदैन ताकि तिनलाई प्याराडाइमको स्थानमा प्रयोग गर्न सकियोस् ? जब हामी यी प्रश्न र यस्तै प्रकारका अन्य प्रश्न उठाउनेछौं, तब यिनीहरूको उत्तर सामान्य विज्ञान र त्यससँगै सम्बन्धित प्याराडाइमहरूको धारणालाई बुझ्नका लागि आधारभूत सावित हुने छन् । त्यस सैद्धान्तिक विश्लेषणलाई राम्रोसँग बुझ्नका लागि यो उपयोगी हुनेछ कि पाठक व्यवहारमा प्रयुक्त सामान्य विज्ञान अथवा प्याराडाइमहरूको उदाहरणबाट परिचित होऊन् ।

अनुसन्धान कार्य प्याराडाइमविना पनि गर्न सकिन्छ । कम्तीमा त्यसका लागि यस्ता प्याराडाइमहरूको आवश्यकता छैन जसबाट उपरोक्त प्रकारका असंदिग्ध व्यावसायिक प्रतिबद्धता उत्पन्न हुन्छ । कुनै वैज्ञानिक क्षेत्रद्वारा प्याराडाइमको अधिग्रहण र यसको कारण सम्भव अधिक गूढ (रहस्यात्मक) किसिमको अनुसन्धान, त्यसको विकास-क्रममा परिपक्वताको अवस्थाको लक्षण हो ।

आफ्नो तर्कको पुष्टिका लागि हामी भौतिक प्रकाशको इतिहासलाई उदाहरण दिन्छौं । यदि इतिहासकार कुनै अन्य वैज्ञानिक क्षेत्रको परस्पर सम्बन्धित परिघटनाहरूको अन्वेषण, कालानुक्रमलाई उल्टयाएर अर्थात् वर्तमानबाट सुरु गरी भूततर्फ गएर गर्दछ भने उसलाई हमेशा प्रकाश-विज्ञानको इतिहाससँग मिल्दो-जुल्दो नै विकास क्रम प्राप्त हुनेछ । वर्तमान भौतिक विज्ञानको पाठ्यपुस्तकबाट अध्ययनकर्तालाई यो थाहा हुन्छ कि प्रकाश फोटो न हो । यी यस्ता क्वान्टम यान्त्रिकीय एकाइहरू हुन् जसले केही तरंग र केही कणहरूको लक्षण प्रदर्शित गर्दछ । वर्तमान समयमा अनुसन्धान कार्य यसै धारणाको आधारमा गरिन्छ, वा यो भन्नु अधिक उचित हुनेछ कि अनुसन्धानको आधार त्यो परिष्कृत गणितीय वैचारिक ढाँचा हो, जसबाट फोटोनको उपरोक्त लक्षण व्युत्पन्न हुन्छन् । तर, प्रकाशको यो चरित्र-चित्रण त मुस्किलले ५० वर्ष पुरानो हो । यस शताब्दीको सुरुमा प्ल्यांक, आइस्टाइन एवं अन्य वैज्ञानिकहरूद्वारा यो धारणा विकसित गरिनुभन्दा पहिलो, भौतिक विज्ञानको पाठ्य-पुस्तकहरूद्वारा यो धारणा पढाइन्थ्यो कि प्रकाश अनुप्रस्थ तरंग-गति हो । यो संकल्प त्यस प्याराडाइममा आधारित छ, जसको स्रोत कुनै न कुनै रूपमा १९औं शताब्दीको सुरुमा फ्रेनल र यंगद्वारा लिखित प्रकाश विज्ञानसम्बधी पुस्तकहरूमा प्राप्त हुन्छ ।

त्यसो त तरंग सिद्धान्त पनि प्रकाश विज्ञानका लगभग सबै अनुसन्धानकर्ताहरूले समानरूपमा स्वीकार गरिने पहिलो सिद्धान्त थिएन । १८औं शताब्दीको क्रममा यस क्षेत्रको प्याराडाइमको आधार न्यूटनको 'अप्टिक्स' नामक त्यो रचना थियो, जसमा यो मान्यता प्रतिपादित गरिएको थियो कि प्रकाश द्रव्यात्मक कणिकाहरू हुन् । त्यस समय भौतिक वैज्ञानिकहरूले प्रकाश कणहरूका पिण्डहरूसँग टकराउँदा उत्पन्न हुने दबाबको अस्तित्व खोजे । सुरुका तरंग-सिद्धान्तविद्हरूले यस परिघटनामाथि अनुसन्धान गरेका थिएनन् ।

भौतिक प्रकाश विज्ञानको प्याराडाइमहरूका यी रूपान्तरण वैज्ञानिक क्रान्ति हुन् र क्रान्तिको बाटोबाट भएर एक प्याराडाइमबाट अर्को प्याराडाइमसम्म संक्रमण गर्नु सामान्यतः हरेक परिपक्व विज्ञानको विकासक्रमको विशेषता हो । प्रकाश विज्ञानको इतिहासको सन्दर्भमा, न्यूटनको अनुसन्धान कार्यभन्दा पहिलेको विकास क्रममा उपरोक्त विशेषता थिएन, र हाम्रो तर्कका लागि यही वैषम्य महत्त्वपूर्ण छ ।

प्रकाश विज्ञानको अनुसन्धानको सुरुआती क्रमदेखि लिएर १७औं शताब्दीसम्म कुनै यस्तो समय थिएन, जब प्रकाशको तात्त्विक प्रकृतिको विषयमा सबै अनुसन्धानकर्ताहरूद्वारा समानरूपले स्वीकृत कुनै एक धारणा विद्यमान रहेको होस् । यसको विपरीत अनेक प्रतिस्पर्धी विचार पद्धतिहरू एवं उपविचार पद्धतिहरू सदैव रहन्थे, जसमध्येबाट धेरै एपिक्युरस, एरिस्टोटल वा प्लेटोको सिद्धान्तको कुनै न कुनै रूपान्तरणको समर्थन गर्दथे ।

वैज्ञानिकहरूको एउटा दल प्रकाशलाई द्रव्यात्मक पिण्डहरूबाट बिसर्जित हुने कण मान्दथ्यो, एक अन्य दल प्रकाशको व्याख्या माध्यम र आँखाबाट हुने विसर्जनको पारस्परिक क्रियाको रूपमा गर्दथ्यो र यसको अतिरिक्त यिनीहरूका धेरै अन्य समीश्रण र संशोधन पनि थिए । हरेक विचार-पद्धतिलाई कुनै विशेष तत्त्व-मीमांसाबाट बल प्राप्त हुन्थ्यो र प्याराडाइम स्वीकृतिका लागि उपयुक्त अवलोकनको रूपमा हरेक दलको प्रकाश विज्ञानसम्बन्धी परिघटनाहरूको त्यस विशेष समूहलाई महत्त्व दिन्थ्यो, जसको व्याख्या आफ्नो सिद्धान्तको आधारमा गर्न सबैभन्दा अधिक सफल हुन्थ्यो । अन्य अवलोकनहरूको व्याख्या तदर्थ व्याख्याहरूको माध्यमबाट गरिन्थ्यो, वा तिनीहरूलाई भविष्यको अनुसन्धानद्वारा हल गरिने बचेका समस्याहरूको रूपमा बुझिन्थ्यो ।

## मननयोग्य

### चाणक्य नीति

मगधको राजमहलले आफ्नो कथा आफै भनिरहेथ्यो । राता, सेता सँगमर्मरमा अनुपम वास्तुकलायुक्त कलाकृतिहरू नै यसका प्रमाण थिए राजमहलमा । व्यवस्थित ठाउँमा बगैँचा र फोहराले महलको शोभा दुई गुणा बढाएको थियो । राजमहल जाने बाटाका धेरै ठाउहरूमा हतियारले सुसज्जित सैनिक सतर्क भई खडा थिए ।

रथ रोकिनासाथ चाणक्य ओर्लिए, साथै शकटार पनि शकटारसँगै उनले राजमहलमा प्रवेश गरे । पहरीले शकटारलाई अभिवादन गरे, राजदरवारमा अतिथिहरू बस्ने आसनपट्टि चाणक्यलाई बसाले । शकटार आफू स्वयंम् भने राजकीय व्यक्तिपट्टिको पंक्तिको अलग आसनमा बसे ।

रातो पहिरनमा सजिएका कम उमेरका युवतीने राजदरवारको व्यवस्था गरिरहेका चाणक्यले देखे पातलो बस्त्र पहिरन र तिनका चञ्चल यौवनले राजमहलमा बसेका व्यक्ति र आउने जानेलाई आकर्षित पारिरहेका थिए । केही समयपछि मुख्य प्रहरीले घोषणा गन्यो-मगधका शक्तिशाली महाविद्वान्, महामात्य राक्षस आउँदैछन् । राक्षसको प्रवेश, आयुको प्रभाव उसमा थिएन । अग्लो शरीर ठुलो उठेको निधार, लामो केश, तेजिला आँखा राजषि पहिरनले गर्वित हिँडाइ । सतर्क दृष्टिले उनले सबैतिर हेरे नन्दका आसनको छेउमा रहेको अगाडिको मुख्य आसनमा बसे ।

केही समयपछि फेरि घोषणा भयो-राज्यकिशोरमणि मगधाधिपति महाराज महापद्मानन्दको सवारी हुँदैछ । नन्दको प्रवेशमा सबै दरबारिया उभिए । सेतो कलाप, भद्दा शरीर, लोलाएका आँखा, गलामा मोती र मणिकका माला, शिरमा रत्नजडित मुकुट, खुट्टा लर्बराउँदै दरबारमा नन्दको प्रवेश भयो । उनका अगल-बगलमा नवयौनाहरू उत्तेजक पहिरनमा सजिएर हिँडिरहेथे । दरबारको बीचमा दिव्य सिंहासनमा नन्द बसे ।

आफ्नो जन्मभूमि मगधको वैभव देखेर चाणक्य मन्त्रमुग्ध भए । १५-१६ वर्षको उमेरमा मगध छाडी तक्षशिला जाँदाको कलिलो अवस्था र अब लगभग ३० वर्षपछि मगध प्रवेश गर्दाका बीचको पर्याप्त अन्तरको अनुभव उनले गरिरहे। यतिकैमा कतिखेर मगधको राजधानीमा आइपुगियी. भन्ने पतै लागेन, रथ रोकिएपछि मात्र चाणक्यले आफू मगधको राजधानीभित्र पुगेको थाहा पाए ।

पत्र–मञ्जषा

# आर्थिक मन्दीले खल्लो बनायो चाडबाड

हरेक चाडपर्वसँगै घरघरमा खुसीयाली भित्रिन्छ । लामो समयदेखि भेटघाट नभएका आफन्त चाडबाडका बेला जम्मा हुन्छन् । खुसीयाली साटासाट गरिन्छ । पर्वले परिवार र समाजमा छुट्टै आत्मीयताको विकास गर्छ । तर, आर्थिक मन्दीले गर्दा यसपालिको चाडबाडमा अधिकांश मानिसहरू खुसी होइन दुःखी बन्नुपरेको छ । हिन्दूहरूको ठूलो चाड दसैं भर्खरै सकियो । दीपावली अर्थात् तिहार आउन केही दिनमात्र बाँकी छ । जसोतसो दसैं मनाएका मानिसहरू अहिले तिहार कसरी मनाउने भन्ने चिन्तामा देखिन्छन् ।

हुन पनि तिहारमा किनमेल गर्न वा मनाउन पैसा आवश्यक पर्छ । एकातिर पैसा नभएर व्यापारीले तिहारको सामान हाल्न सकेका छैनन्, अर्कोतिर सर्वसाधारण तिहार मनाउन नसक्ने अवस्थामा पुगेका छन् । कतिपय मानिसहरू त पैसा नभएर दसैंमासमेत गाउँघर फर्किएनन् ।

उनीहरूले दसैं मनाएनन् । पैसा हुँदाहुँदै पनि दसैं मान्न नसक्नु, गाउँघर फर्किन नपाउनु, पसलमा सामान हाल्न नसक्नु वा दसैं मान्न नपाउनु त्योभन्दा दुर्भाग्य अरु के हुनसक्छ । सहकारीले बचतकर्ताको खर्बौं रकम डुबाइदियो । जसले गर्दा पनि यो वर्षको दसैं अधिकांशको खल्लो हुन पुग्यो ।

सहकारीका सञ्चालकहरूले वर्षौंदेखि बचतकर्ताको रकम फिर्ता गरेका छैनन् । सहकारीले रकम खाइदिएपछि सर्वसाधारणले यसपटक दसैं-तिहारमा किनमेल गरेनन् । अहिले व्यापारीहरू भन्छन्, 'नयाँ सामान हाल्न पैसा छैन । पुरानो पनि बिक्री भएको छैन ।'

आफू काम गरेको ठाउँबाट तलब दिएको छैन । सायद, वर्षौं बित्न लागेको मानिसहरू बताउँछन् । सहकारीले बचत फिर्ता नगर्दा, काम गरेको ठाउँबाट तलब नआउँदा र व्यापार व्यवसायमा पूरै मन्दी आएपछि दसैंमासमेत अधिकांशले आफन्तसँग भेटघाट गर्न पाएनन् । किनकि उनीहरूले दसैं नै मनाएनन् ।

न एकजोर नयाँ कपडा किन्न सके न एक छाक मिठो खान पाए । तिहारमा पनि यस्तै हुने भएको छ । दाजुभाइलाई टीका लगाइदिएपछि दिने सामान किन्न दिदीबहिनीसँग पैसा छैन भने टीका लगाएपछि दक्षिण दिन दाजुभाइसँग पनि पैसा छैन । यसपालिको तिहार मान्न सक्ने अवस्थामा छैनन् सर्वसाधारण ।

आर्थिक मन्दी र काम गरेको ठाउँबाट तलब नदिँदा जनता मारमा परेका छन् । यो वर्षको तिहार घरको आँगनमै आइसकेको छ । बजार भने सुनसान छ । व्यापारीहरू दिनभरमा बोहनीसमेत नहुने बताउँछन् । अहिले जतातत्तै सटर, कोठा र फ्ल्याट खाली देखिन्छ । जसोतसो पसल सञ्चालन गरिरहेकाहरू पनि तिहार पनि छोड्ने बताउँछन् ।

'दिनभरमा बोहनीसमेत हुँदैन । व्यापार हुँदैन । घरभाडा महँगो छ । अनि कसरी भाडा तिर्नु ? तिहारमा व्यापार हुन्छ कि भनेर बसिरहेका छौं । तिहारपछि त छोड्ने हो,' उनीहरू भन्छन् । घरधनीहरू अहिले पनि भाडा घटाउने पक्षमा छैनन् । काठमाडौं उपत्यकाभित्रै टु-लेट लेखिएको पोस्टरहरू पाइलैपिच्छे भेटिन्छन् । तर, भाडा सोधेमा मासिक एउटा कोठाको १० हजार, एक फ्ल्याटको ३० हजारदेखि दुई लाख र सटरको एक लाखदेखि नौ लाख रूपैयाँसम्म भाडा बताइन्छ ।

उपत्यकाभित्र होस् या बाहिर विभिन्न जिल्लाबाट आएर बसेकाहरू अहिले व्यापार यवसाय ठप्प भएपछि, काम नपाएपछि आत्तिएका छन् । उनीहरू खर्च कसरी धान्ने भनेर चिन्तित छन् । काठमाडौंको इन्द्रचोक, भोटाहिटी, चावहिल, बानेश्वर, ठमेललगायत स्थानमा अहिले पहिलाजस्तो चहलपहल छैन ।

व्यापारीहरू बाटोमा हिँडिरहेका व्यक्तिलाई पसलको ढोकामा बसेर सामान किन्न फकाइरहेका हुन्छन् । यो देख्दा मुलुकको अर्थतन्त्र नाजुक अवस्थामा पुगिसक्यो भनेर जोकोहीले पत्ता लगाउँछ । व्यापारीहरू वर्षदिनदेखि घरधनीलाई भाडा तिर्न नसकेको बताउँछन् ।

यता, बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋणको पनि सावाब्याज तिर्न सकेका छैनन् भने कामदारहरूलाई धमाधम निकालेका छन् । दसैंमा ल्याएको सामान बिक्री नभएपछि व्यापारीहरूले तिहारमा सामान नल्याउने निर्णय गरेका छन् । एकातिर सामान बिक्री हुन्न, अर्कोतिर पैसा पनि छैन ।

पछिल्लो समय बजारमा घरजग्गा, गाडी र सेयर कसैले किन्दैन । यातायात र मालपोत कार्यालयमा चहलपहल छैन । सहकारीहरूले पनि कतिञ्जेल बचतकर्तालाई झूठा आश्वासन देखाएर राख्ने ? बचत फिर्ता गर्न नसकेका अधिकांश सहकारीले बचतकर्तालाई आफ्नो संस्थाको नाममा धेरै घरजग्गा, गाडी र सेयर रहेको त्यही बेचेर भए पनि बचत फिर्ता गर्ने भनेर आश्वासन बाँडेका छन् ।

तर, अहिलेसम्म एक रूपैयाँ पनि बचतकर्ताको फिर्ता गरेका छैनन् । करोडौं बचतकर्ताको खर्बौं रकम सहकारीले डुबाइदिएको छ । मुलुकभर दर्तामा रहेकामध्ये धेरै सहकारी बन्द भएका छन् । बाहिर बोर्ड झुण्डिए पनि सहकारीहरू भने रातारात फरार भएका छन् । बजारमा सर्वसाधारण र व्यापारीले सहकारीमा बचत गर्न छोडेका छन् ।

यस्तो अवस्थाबीच चाडपर्व मनाउन सर्वसाधारणलाई सकस भइरहेको छ । आर्थिक मन्दीले चाडपर्वको माहोल पूरै खल्लो बनाएको महसुस योपल्ट गर्नुपरेको छ । आशा गरौं यो अवस्थाबाट चाँडै मुक्ति मिल्ने छ ।

*– अनमोल राई, झापा*

**जानकारी**

**अब य दनिकल हरक दिन पत्र–मञ्जषा तम्भ रू गरकाल पाठक वगहरूल आफूल चाहका विषय वत, रकारी निकायका काम कारबाही वा पत्रिकामा म्प्रषण भएका माचारका बारमा पत्र लख्न भएमा त्यलाइ जताका त्यत प्रकाशन हन जानकारी गराइन्छ ।**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# आठबिसकोटका मृतकका परिवारले पाए राहत

**त्रिवेणी (रुकुम पश्चिम)–** रुकुम पश्चिमको आठबिसकोट नगरपालिका सबै मृतक परिवारका आफन्तलाई राहतसँगै किरिया खर्च दिइएको छ । आइतबार र सोमबार गरेर नगरपालिकाका २८ घरका मृतक परिवारलाई किरिया खर्चसँगै राहत सामग्री दिइएको हो ।

गत शुक्रबार जाजरकोटको रामीडाँडा केन्द्रबिन्दु बनाएर ६.४ म्याग्निच्युटको भूकम्प गएको थियो । सोही भूकम्पमा परेर वडा नं ९, १०, ११, १२, १३, र १४ का २८ घरपरिवारले आफन्त गुमाउनुपरेको थियो ।

आफन्त गुमाएका सबै परिवारलाई दुई दिन लगाएर राहतसँगै किरिया खर्च दिइएको छ । प्रत्येक मृतक परिवालाई २५ हजार रूपैयाँका दरले किरिया खर्च दिएको आठबिसकोट नगरउपप्रमुख धनकुमारी शाहीले जानकारी दिइन् । उनका अनुसार घरबारविहीन भएका परिवारलाई पनि आवश्यक पर्ने खाद्यान्नलगायत अन्य सामग्रीको प्याकेज बनाएर राहत सामग्री वितरण गर्ने काम जारी छ । नगरपालिकामा उपलब्ध भएको खाद्यान्नलगायत अन्य राहत पीडितका क्षेत्रमा लगेर वितरण गरिरहेको उपप्रमुख शाहीले जानकारी दिइन् ।

भूकम्पका कारण आठबिसकोटमा ४२ र जाजरकोटमा दुईजना गरेर ४४ जनाको मृत्यु भएकामा चारजना भने जिल्लाबाहिरका रहेको नगरपलिका जिन्सी शाखाप्रमुख टेकबहादुर चन्दले जानकारी दिए । त्यस्तै सानीभेरी गाउँपालिकामा पनि भूकम्पमा परी मृत्यु भएका घरपरिवारलाई गाउँपालिकाले राहतसँगै २५ हजार रूपैयाँ किरिया खर्च उपलब्ध गराएको गाउँपालिकाका प्रवक्ता पहलसिङ घर्तीले बताए । यहाँ १२ जनाको मृत्यु भएको थियो । गत शुक्रबार आएको भूकम्पले जाजरकोटसहित रुकुम पश्चिममा मानवीय क्षतिसँगै भौतिक संरचनामा ठूलो क्षति पुऱ्याएको छ । *रासस*

# भेरीमा १४ विद्यालयका भवन भत्किए

**जाजरकोट (प्रस)–** भेरी नगरपालिकामा शुक्रबार राति गएको भूकम्पबाट १४ वटा विद्यालयमा पूर्ण क्षति भएको छ ।

त्यस्तै आंशिक ७८ वटा विद्यालयका भवनमा क्षति पुगेको नगरपालिकाको तथ्यांकमा उल्लेख छ । यसैगरी ४७ वटा कक्षाकोठा, नौ वटा शौचालय, चार वटा घेराबार पूर्णक्षति भएको नगरपालिकाले जनाएको छ । त्यस्तै आंशिकमा ७८ वटा विद्यालय भवन, १७१ वटा कक्षाकोठा, ३८ वटा शौचालय, नौ वटा घेराबार, एउटा विज्ञान प्रयोगशाला, नौ वटा आइसिटि ल्याप, दुईवटा सोलार सिस्टममासमेत क्षति भएको नगरपालिकाको नगर शिक्षा शाखाले जनाएको छ ।

त्यसैगरी तीन शिक्षक र ३१ विद्यार्थी घाइते हुनाका साथै ११ विद्यार्थीको मृत्यु भएको छ ।

# कोरला नाका आगामी सोमबारदेखि सञ्चालन हुने

**म्याग्दी–** मुस्ताङको लोमान्थाङ गाउँपालिकास्थित कोरला नाका आगामी हप्तादेखि सञ्चालन हुने भएको छ । गाउँपालिकाका अध्यक्ष टसीनर्बु गुरुङले चिनियाँ पक्षबाट कात्तिक २७ गते सोमबारदेखि नाका सञ्चालन हुने जानकारी आएसँगै स्थानीयवासीमा खुसियाली छाएको बताए ।

'सरकार, जनप्रतिनिधि र सुरक्षा अधिकारीहरूको तहबाट कोरला नाका सञ्चालन गर्न भएको कूटनीतिक पहल सफल भएको छ,' उनले भने, 'लोमान्थाङ र लोघेकर दामोदरकुण्ड गाउँपालिकाका बासिन्दा परिचयपत्रको आधारमा आवतजावत गर्न पाउने छन् ।'

प्रधानमन्त्री पुष्पकमल दाहालको असोज पहिलो साता भएको भ्रमणका क्रममा चीनले कोरलालगायत नेपालका १४ वटा व्यापारिक नाका सञ्चालनमा ल्याउने तयारी भएको जनाएको थियो । यसैगरी मुस्ताङ र चीनको स्वशासित क्षेत्र ढोङवासेनका जनप्रतिनिधि तथा सुरक्षा अधिकारीहरूबीच नाका सञ्चालन र व्यवस्थापनका विषयमा चारपटक वार्ता भएको थियो । कोरोना महामारी फैलिएपछि वि.सं. २०७६ देखि कोरला नाका पूर्णरूपमा बन्द भएको थियो । त्यसअघिका वर्ष कोरला नाकामा वर्षमा दुईपटक अन्तरदेशीय व्यापार मेला हुने गरेको थियो ।

उक्त नाका सञ्चालनका लागि लोमान्थाङ र लोघेकर दामोदरकुण्ड गाउँपालिकाका एक हजार जनाभन्दा बढी सर्वसाधारणलाई 'नेपाल चीन सीमा क्षेत्रमा प्रस्थानका लागि प्रवेश अनुमतिपत्र' वितरण गरिएको प्रमुख जिल्ला अधिकारी जनकराज पन्तले बताए ।

'प्रवेश पास भएका नागरिकले जुनसुकै समयमा पनि चीन जानेआउने सुविधा पाउने छन्,' उनले भने, 'कोरला नाकाको नजिकै रहेको नेचुङ भन्सार कार्यालयमा नियमित कर्मचारी उपस्थितिका लागि तयारी गरिएको छ ।' नेचुङ सशस्त्र प्रहरी बल (बिओपी)को भवन निर्माण भएको छ । जोमसोमदेखि कोरला नाकासम्म दुई लेनको कच्ची सडकको पहुँच पुगेको छ । चीनले नाकासम्म पक्की सडक र सुविधासम्पन्न भवन बनाएको छ । सन् १९६० को दशकमा चीनमा तिब्बत गाभिएपछि तिब्बतका खम्पाहरू नेपाली भूमि प्रयोग गरेर विद्रोहमा उत्रिएका थिए । सोही विद्रोहका कारण वि.सं. २०३२ देखि कोरला नाका आवतजावतमा कडाइ गरिएको थियो ।

वि.सं. २०५८ सम्म रोकतोक नरहेको सीमामा २०५९ देखि चीनले तारबार गरेर मेला बाहेकको अवधिमा बन्द गर्दै आएको छ । नाका सञ्चालन भएपछि मुस्ताङका बासिन्दाले दैनिक उपभोग्य वस्तु, निर्माण सामग्री, लत्ताकपडालगायत सामग्री सस्तोमा आयात गर्न पाउने लोघेकर दामोदरकुण्ड गाउँपालिकाका अध्यक्ष राजु विष्टले जानकारी दिए । *रासस*

## ललितपुर महानगरपालिका २५ नं. वडा कार्यालयबाट संधियारलाई जारी भएको ३५ (पैतीस) दिने सार्वजनिक सूचना

प्रस्तुत विषयमा काठमाडौं ल्यान्को प्रा.लि को नाममा मालपोत कार्यालय ललितपुरमा दर्ता कायम रहेको तपसिलका कित्ता जग्गाहरुमा ललितपुर महानगरपालिकाबाट नियमानुसार नक्सा पास गरी घर बनाउन लागेकोमा तपसिल बमोजिमका संधियार जग्गाधनीहरुसँग सम्पर्क हुन नसकेकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र कुनै उजुरी भएमा जग्गाधनी वा निजको एकाघरको परिवारको सदस्यले यस वडा कार्यालयमा उपस्थित भई उजुरी दिनु हुन अनुरोध गरिन्छ । उपरोक्त म्याद भित्र उजुरी पर्न नआएमा नियमानुसार भई जाने व्यहोरा सूचित गरिन्छ ।

**तपसिल जग्गाधनीको जग्गाको विवरण**

| जिल्ला र/न. पा. | क्षेत्र | वडा नं | नक्सा सिट नं | कि.नं | क्षे.फ | कैफियत |
|---|---|---|---|---|---|---|
| ललितपुर/ल.पु | सैबु | २५ | १ख | १११२, | ०-१२-२-२ | |
| ललितपुर/ल.पु | सैबु | २५ | १ख | १११३, | ०-८-१-३ | |
| ललितपुर/ल.पु | सैबु | २५ | १ख | १११४, | ०-८-१-३ | |

**संधियार र जग्गाको विवरण**

| संधियारको नाम, थर ठेगाना | जग्गाको विवरण | | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | न.पा./क्षेत्र | वडा नं | नक्सा सिट नं | कि.नं | क्षे.फ | |
| नामः तिर्थ राज लवट<br>ठेगानाः बुंगमती/ललितपुर | ललितपुर/सैबु | २५ | १ ख | ९६<br>९७ | १-६-२-०<br>०-१२-०-० | |

## पुजा सुर्ति प्याकिङ्ग उद्योगले सुर्तीजन्य सामग्री उत्पादन गर्ने उद्योग स्थापना तथा संचालनका लागि आवश्यक प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयारी सम्बन्धि सार्वजनिक सूचना

**प्रकाशन मिति २०८०/०७/२२**

बागमती प्रदेश चितवन जिल्ला रत्ननगर नगरपालिका वडा न. १३ स्थित कित्ता न. ४२२७ र १५२३.८३ व. मि. क्षेत्रफल भएको स्थानमा वार्षिक १,५०,००० किलोग्राम (प्रति प्याकेट १० ग्राम) सुर्ती जन्य पदार्थ उत्पादन तथा प्यकिङ्ग सम्बन्धि उद्योग स्थापना र संचालनका लागि आवश्यक प्रारम्भिक वातावरणीय परिक्षण अध्ययन का लागि निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | पुजा सुर्ति प्याकिङ्ग उद्योग<br>रत्ननगर नगरपालिका वडा न. १३<br>बागमती प्रदेश, चितवन<br>फोन न. ९८१३७७७०२२ |
| प्रस्तावको व्यहोरा | प्रस्तावक पुजा सुर्ति प्याकिङ्ग उद्योग चितवन जिल्ला रत्ननगर नगरपालिका वडा न. १३ स्थित सुर्तीजन्य सामग्री उत्पादन गर्ने उद्योग हो । |
| प्रभाव पर्न सक्ने जिल्ला, स्थानीय तह | चितवन जिल्ला, रत्ननगर नगरपालिका वडा न. १३ |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण अध्ययन प्रतिवेदनको तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक-भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच क-कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न चितवन जिल्ला रत्ननगर नगरपालिका वडा न. १३ क्षेत्रको विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित रायसुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आइपुग्ने गरि लिखित राय सुझाव उपलब्ध गरिदिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझाव पठाउने ठेगाना**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | पुजा सुर्ति प्याकिङ्ग उद्योग<br>रत्ननगर नगरपालिका वडा न. १३<br>बागमती प्रदेश, चितवन, फोन न. ९८१३७७७०२२ |
| परामर्शदाताको नाम र ठेगाना | इन्ट्रिग्रेटेड प्लानिंग एण्ड सोलुसन प्रा.लि.<br>काठमाडौं महानगरपालिका वडा न २८<br>फोन न. ९८०३१०७५८७ इमेलः pdkatha@gmail.com |


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MODISH UNITED READYMADE CLOTHS COMPANY

पूर्व स्वीकृति मिति २०७९/०८/२१ पुन विज्ञापन स्वीकृति मिति २०८०/०७/२१ LT. No. 277357 चलानी नं. ६०१९२९१५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Womens Clothes Sales / Sales Girl | 0 | 2 | 135 | ५८,२८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० कार्तिक २९ गते (15th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३०१/०५९/०६०

**Supreme Overseas Pvt. Ltd.**

Koteshwor-35, Kathmandu, Nepal.

Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202

Email: supremeovs@yahoo.com, supremeover301@gmail.com,

Web: www.supremeoverseas.com.np

## कुवेतमा वैदेशिक रोजगारको अवसर

फ्रि भिषा !! फ्रि टिकट !!

कम्पनी : DAR ALABDALI LADIES GARMENTS TAILORING & TEXTILE CO.

पुर्व स्वीकृति मिति २०७९/०२/१६ पुन विज्ञापन स्वीकृति मिति २०८०/०७/२१ LT. No. 263833 चलानी नं. ६०१७९९५८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cutting Master | 0 | 2 | 300 | १२१,४८० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Helper | 0 | 19 | 140 | ५६,६९० | | | | | | | |
| 3 | Tailor | 0 | 4 | 175 | ७०,८६५ | | | | | | | |

कम्पनी : GOOD SERVICE GENERAL TRADING CO.

पुर्व स्वीकृति मिति २०७९/११/१२ पुन विज्ञापन स्वीकृति मिति २०८०/०७/२१ LT. No. 258496 चलानी नं. ६०१७५००५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver Light | 5 | 0 | 140 | ५५,४०५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Foreman | 1 | 0 | 195 | ७७,१७५ | | | | | | | |
| 3 | Helper | 4 | 10 | 110 | ४३,५३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० कार्तिक २९ गते (15th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SOE श्रम ईजाजत नं. ४९७/०६१/०६२

**Shuvam Overseas Employment Pvt. Ltd.**

Mitranagar-29, New Buspark Kathmandu, Nepal, Tel : +977-1-42160043,

Mobile: 9851073220, 9813462938, 9818425111, 9867835681, 9814470329

E-mail : shuvamoves123@gmail.com, Website : www.shuvamoverseas.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PLANT TECH ARABIA CO. LTD.

पूर्व स्वीकृति मिति २०८०/०२/१७ पुन विज्ञापन स्वीकृति मिति २०८०/०७/२१ LT. No. 286933 चलानी नं. ६०२०२२८४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bus Driver | 8 | 0 | 1800 | ६३,४२० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Pipe Fitter | 4 | 0 | 1300 | ४५,८०५ | | | | | | | |
| 3 | Truck Driver | 2 | 0 | 1800 | ६३,४२० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० कार्तिक २९ गते (15th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १५०/०५६/५७

**HYHIRE INTERNATIONAL PVT. LTD.**

(EAST WEST OVERSEAS SERVICE PVT. LTD)

Sinamangal-9,Tinkune, Kathmandu, BAGMATI, Tel: +977-01-4481308

## ZERO COST RECRUITMENT Opportunity For Malaysia!!
## शुन्य लागत अन्तर्गत मलेशियामा वैदेशिक रोजगारको अवसर !!

COMPANY: KB COLOR IMAGE SDN BHD

कम्पनी : केबी करल इमेज एस. डिएन. बिएचडि

Free Visa, Free Ticket , Free Medical , Free Processing, No Service Charges, No Cash Deposits, No Salary Deductions, No Mediator, Free Transportation, Accommodation & Food From Hometown To Airport

निः शुल्क भिसा, निः शुल्क टिकट, निः शुल्क स्वस्थ्य जाँच, निः शुल्क भर्ना प्रकिया, सेवा शुल्क नलाग्ने, तलब कटौती नहुने, नगद जम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता अविचौलिया) निषेधित, घरदेखि एयरपोर्ट सम्म निःशुल्क यातायात, खाना र आवास

Pre Approval Date : 2022-12-04 Post Approval Date : 2023-11-07 LT. No.277102 Invoice No. 60192667

पूर्व स्वीकृति मिति : २०७९/०८/१८ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०७/२१ एल टि न. २७७१०२ चलानी नं. ६०१९२६६७

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | माग संख्या Required No's महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलबः Monthly Salary रिंगिट RM | मासिक तलबः Monthly Salary ने.रू. NPR | ओभर टाईम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १.<br>1. | फ्याक्ट्री वर्कर<br>Factory Worker | १०<br>10 | ०<br>0 | आधारभुत अङ्ग्रेजी पढ्न, लेख्न र बोल्नमा दक्ष<br>Proficient in reading, writing & speaking basic English | १५००<br>1500 | ४१,८६५<br>41,865 | क. नियम अनुसार<br>As per the company rule | ८ घण्टा<br>8 Hours | ६ दिन<br>6 Days | क. नियम अनुसार<br>As per the company rule | छैन<br>No | छ<br>Yes | दुई वर्ष<br>2 Years |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कँसले तिन Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कसले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने<br>उमेर १८ देखि ३५ : ने.रु.३७०८।-<br>उमेर ३६ देखि ५० : ने.रु.४९३१।-<br>उमेर ५१ देखि ६४ : ने.रु.९४६३।-<br>By the Employer<br>Age 18 to 35 : NPR 3708/-<br>Age 36 to 50 : NPR 4931/-<br>Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | ने.रू.७०० ।- रोजगारदाताले ब्यहार्ने NPR 700/- By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी ब्यवस्था : ने.रू.१५०० ।- रोजगारदाताले ब्यहार्ने
Management of Workers Welfare Fund NPR 1500/- By the Employer

सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने रोजगारदाताले ब्यहार्ने
How much is the Service Fee and who will bear it By the Employer

KB Color Image Sdn Bhd does not impose any recruitment placement fee for the employment.
केबि कलर इमेज एसडिएन. बिएचडी ले रोजगारीको लागि कुनै पनि किसिमको भर्ती शुल्क लागु गर्नै छैन ।

- Applicants are requested to submit their application directly without using any Mediators. Applicants (family) members/relatives/ friends) are not required
( आवेदनकलाई कुनै पनि मध्यस्थताको प्रयोग विना सिधा आवेदन गर्न आमन्त्रित गर्दछौ थ आवेदन)
(परिवारको सदस्य/आफन्त/साथीभाई) ले यस रोजगारको लागि कुनै पनि प्रकारको शुल्क तिर्नु पर्ने छैन ।)
- We will not discriminate workers or potential workers in any way.
(हामी कुनै पनि हिसाबले कामदारहरु वा सम्भाव्य कामदारहरुसँग भेदभाव गर्ने छैन ।)
- No one is allowed to take or give away gifts or bribes from suppliers and customers.
(उपहार वा घुस आपुर्तिकर्ता र ग्राहकहरुबाट कोही कसैलाई पनि लिन वा दिन अनुमति छैन ।)
- We ensure that no worker is required to pay force deposit, bond, deductions from wages to cover recruitment fees
(हामी सुनिश्चित गछौ कि भर्ना शुल्क उठाउनको लागि कुनै पनि निक्षेप, ऋणपत्र या ज्याला कटौती गराउन बाध्य गराउने छैन )

Interview shall be onducted adhering to social distancing guidelines and COVID-19 Protocols
अन्तर्वार्ता कोभिड-९ को सुरक्षा प्रकिया र सामाजिक दुरी कायम गरी आयोजना गरिनेछ ।

Pre Interview is going on at office Premises
प्रि अन्तर्वार्ता यस कार्यालयमा धमाधम भई रहेको छ ।

Final inteview is going to Green Light Overseas Office, Kathmandu 15th Nov. 2023
फाइनल अन्तवार्ता मेनपावर कार्यालयमा मिति २०८० कार्तिक २९ गते हुनेछ द्र

We declare the Green Light Overseas Pvt.Ltd. doesnot have branch and agent.
ग्रीन लाइट ओभसिज प्रा.ली. को कोही कतै पनि शाखा र एजेन्ट नभएको जनकारी गराउँदछौं ।
यस कम्पनीमा जान चाहने कामदारहभले थप परामर्शको लागि यस प्रा.लि. मा सिधा सम्पर्क गर्न सक्नुहुनेछ ।
Candidates who are interested in this company can directly contact us For further Counseling .

**अवैध भर्तीकर्तादेखि सावधान रहनुहोस् / Beware Of Illegal Recuiters**

कृपया धोखाधडी, अवैध क्रियाकलाप वा भ्रष्टाचार विठद्ध ग्रीन लाइट ओभरसिज प्रा.लि. को हट लाइनः ०१-५९५७५७ मा वा ईमेलः info@green_light-group.com मा रिपोर्ट गर्न नहिचकिचानुहोस् । हामी तपाईको गोपनीयता सुनिश्चित राख्नेछौं ।

Feel Free to report against fraud, Illegal ativities or corruption in green Light Overseas Pvt. Ltd. Hotline 01-5905757 or email at info@green_lightgroup.com. we shall maintain your confidentiality .

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment(DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahachal.

**GREEN LIGHT OVERSEAS PVT. LTD** श्रम ईजाजत नं. 1365/074/75

Basundhara-3, Kathmandu Tel : +977-1-5905757, 5905758

Email:info@green-lightgroup.com, Web:green-lightgroup.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NEW RAYYAN WATER TANK FACTORY

पूर्व स्वीकृति मिति २०८०/०७/२० LT. No. 294789 चलानी नं. ६०२०९८९६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer | 4 | 0 | 1000 | ३६,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० कार्तिक २९ गते (15th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MINAWA RECRUITMENT HR PVT LTD Govt.Lic. No- 1168/073/074

**MINAWA RECRUITMENT H.R. PVT LTD**

Sinamangal-9, Sambhu Margh, Kathmandu, Nepal

T: +977-01-4112754 | Mobile: 9843030000, E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com

प्रभाव दैनिक

## 'चित्रा'को पहिलो गीत सार्वजनिक

फिल्म 'चित्रा'को पहिलो गीत 'नजरैको हाना हान' सार्वजनिक गरिएको छ। रोमान्टिक र डान्सिङ भामा तयार गीतमा राजनराज सिवाकोटी र मिलन नेवारको स्वर तथा सिवाकोटीकै शब्द,संगीत छ। सन्तोष अधिकारी फिल्मस्को ब्यानर एवं अस्याप इन्टरटेनमेन्ट नेपाल र अस्ट्रेलियाको सहकार्यमा निर्माण भएको फिल्म 'चित्रा'को छायांकन सकिएसँगै प्रचारप्रसार पनि सुरू भएको हो। प्रवीण सिंहको कोरियोग्राफी रहेको भिडियोलाई पोखराका विभिन्न रमणीय स्थलमा छायांकन गरिएको छ। गीतमा फिल्मका मुख्य कलाकार सन्तोष अधिकारी र शुभेच्छा खड्कालाई फिचरिङ गरिएको छ।



बुधबार, २२ कात्तिक २०८० (Wednesday, November 8, 2023)

# सगीना देउवी समूह देउसीमा प्रथम

■ प्रभाव संवाददाता



**काठमाडौं–** अमेरिकाको कोलम्बसमा आयोजित देउसी भैलो प्रतियोगितामा सगीना देउवी समूहले प्रथम स्थान ओगट्न सफल भएको छ। त्यस्तै एभरेस्ट क्लब दोस्रो हुँदा, देउराली देउसी भैलौ ग्रुप तेस्रो र डिभाइन म्युजिक ग्रुपले सान्तवना स्थान ओगट्न सफल भएका छन्।

११ वटा समूहमा प्रतिस्पर्धा भएको देउसी भैलो प्रतिस्पर्धामा प्रथम हुने समूहले ट्रफी र ५१ हजार रूपैयाँ नगद जित्न सफल भएका छन्। त्यस्तै द्वितीय र तृतीय हुने समूहले क्रमश ट्रफीसहित ३१ हजार र ३० हजार पाएका छन्। त्यस्तै सान्त्वना हुने समुहले ट्रफी र २० हजार जित्न सफल भएका छन्। प्रतिस्पर्धाको जजका रूपमा नबिन खड्का, दीपक गजमेर, योगिता खनाल र केशव पौडेल रहेका थिए। प्रतिस्पर्धामा ३ वटा समूह मध्ये एक्रोन शहरको आमा समुह, एक्रोन मारुनी समुह र कोलम्बस मारुनी समुहले निकै नै आर्कषक मारुनी नृत्य प्रस्तुत गरेकाले उनीरुको सर्वत्र चर्चा भएको थियो।

सो अवसरमा जजहरूको टिमले नै स्टेजमा नै पुगेर उनीहरूप्रति शिर निहुराउँदै उहाँहरूले प्रतिस्पर्धा भन्दा माथिको प्रस्तुती दिएको प्रतिक्रिया दिएका थिए। सो अवसरमा विभिन्न समुहहरूले कलात्मक नृत्य पस्किएका थिए। विश्वकर्मा सोसाइटी अफ अमेरिका (बिएसए) को आयोजनामा ओहायो राज्यको कोलम्बस शहरमा सम्पन्न भएको हो। नेपाली कला, संस्कृति र साहित्यको प्रवद्धन र उत्थानमा निकै नै क्रियाशिल रहँदै आएको विश्वकर्मा सोसाइटी अफ अमेरिकाले विभिन्न किसिममा सामाजिक कामहरू गर्दै आएको छ।

सोसाइटीले आफ्नो हात सबैभन्दा बढी शिक्षा , खेलकुदका अलावा समाजसेवामा पनि फैलाउँदै आएको छ। उसले नेपाली कला र संस्कृतिको जर्गेनमा बेला बेलामा विभिन्न किसिममा सांस्कृतिक गतिबिधिहरू गर्दै आइरहेको छ। गत महिना मात्रै सोसाईटीको आयोजनामा एक्रोनमा नै विश्वकर्मा पूजा र भावी रणनीतिका बारेमा भव्य गोष्टीको आयोजना गरिएको थियो।

# अझै खुलेनन् कोरोनामा बन्द भएका फिल्म हल



■ प्रभाव संवाददाता

**कटारी–** कुनै समय उदयपुरको कटारीस्थित चन्द्र टाकिज हलमा फिल्म हेर्ने दर्शकको व्यवस्थापन गर्न हल सञ्चालकलाई हम्मेहम्मे पर्थ्यो। उदयपुरको पश्चिम क्षेत्र र सिन्धुलीको पूर्वी क्षेत्रका दर्शकहरूको यहाँ भीड लाग्ने गर्थ्यो। करिब तीनदशक यो हलले यस क्षेत्रमा निरन्तर मनोरञ्जन दिलाएको थियो।

पछिल्लो समय कोभिड- १९ को सङ्क्रमणका कारण हल बन्द गर्नुपर्ने अवस्था आएपछि बन्द रहेको यो हल सञ्चालनमा आउन सकेको छैन। लामो समय कोरोनाका कारण बन्द भएपछि हल सञ्चालन गर्न नसकिएको हलका व्यवस्थापक उमेश कटुवाल बताउँछन्।

कोरोना सकिएपछि प्रेमगीत ३ चलचित्र सञ्चालन गरे पनि हल मर्मत गर्नुपर्ने अवस्था आएकाले पुनःसञ्चालन गर्न नसकिएको उनको भनाइ छ। हल मर्मत गर्न आवश्यक रकमको अभावमा सञ्चालनमा ल्याउन नसकिएको उनी बताउँछन्। हल सञ्चालक प्रयास कार्की हलमा लगानी गर्ने सोचमा छैनन्।

'पाँच सात लाख रूपैयाँ लगानी गरेर नाफा आउने अवस्था छैन', कार्की भन्छन्, 'एक्लो प्रयासले लगानी गर्दा अब हलबाट नाफा कमाउन सकिँदैन।'

कटारीको मात्रै होइन जिल्ला सदरमुकाम गाईघाटमा पनि अहिले हल चल्न नसकेको लामो समय भयो। कोरोनाकाल सम्म जेनतेन चलेको गाईघाटको फिल्म हल पनि त्यसपछि सञ्चालनमा आउन सकेको छैन। गाईघाटमा पनि तीन दशकअघिको शुभलक्ष्मी हल अहिले जीर्ण अवस्थामा पुगिसकेको छ। शुभलक्ष्मी हल कमजोर बनेको भन्दै गाईघाटमा खुलेको बाबारानी हल पनि कोरोनाअघिदेखि नै बन्द छ।

बाबारानीले हल हटाएर त्यस ठाउँमा अन्य व्यवसाय सुरु गरिसकेको छ। बाँकी एकमात्र शुभलक्ष्मी हलमा पनि लगानी गर्न नसकिने अवस्थामा पुगेको सञ्चालक जगदिश साह बताउँछन्। 'लगानी गरेर के गर्ने हिन्दी फिल्म चलाउन महँगो पर्छ, नेपाली फिलिमले लगानी पनि उठाउँदैन', उदयपुरका कलाकार मिथुन ठाकुर भन्छन्, 'जिल्लामा राम्रो हल नहुँदा मनोरञ्जन क्षेत्र अगाडि बढ्न सकेको छैन।'

जिल्लाको पूर्वी क्षेत्रमा अहिलेसम्म कुनै हल नै सञ्चालनमा आउन सकेको छैन। पछिल्लो समय प्रविधिका कारण मोबाइलबाट नै मनोरञ्जन प्राप्त हुनेहुँदा हलमा लगानी गर्नसक्ने अवस्था नरहेको व्यवसायीहरू बताउँछन्।

# 'दिमाग खराब सिम्पल व्यक्तिको कथा हो'

■ प्रभाव संवाददाता

**काठमाडौं –**दसैँको समयमा रिलिज भएका दुई फिल्म 'पशुपति प्रसाद २ : भष्मेडन' र 'परदेशी २'ले राम्रो व्यवसाय गरेका छन्। तिहारको अवसरमा भने एकमात्र फिल्म 'दिमाग खराब' रिलिज हुँदै छ। आगामी शुक्रबारदेखि रिलिज हुने फिल्मले व्यवसाय गर्ला भन्ने चासो फिल्मी क्षेत्रमा छ। फिल्म निश्चल बस्नेतले निर्देशन गरेका हुन्। 'लुट'बाट निर्देशनमा होमिएका बस्नेत तेस्रो फिल्म 'लुट २' दिएका थिए। त्यसपछि करिब ६ वर्षपछि ग्याप बसेका उनले अहिले यो फिल्म बनाएका हुन्। लामो समयपछि निश्चल निर्देशनमा फर्किएकोले पनि यसलाई सबैले महत्वका साथ हेरेका छन्।

६ वर्षपछि निश्चलले कस्तो फिल्म ल्याए ? धेरैको चासोको विषय यही हो। एक व्यक्तिको सिम्पल कथामा आफूले 'दिमाग खराब' बनाएको निश्चल बताउँछन्। 'फिल्मको




ट्रेलर हेर्दा फिल्ममा विभिन्न विषयवस्नु रहेको अनुमान गर्न सकिन्छ', निश्चलले भने 'फिल्म एउटा सिम्पल कथामा बनेको छ। ट्रेलरमा देखिएका विभिन्न विषयवस्तु कथामा आउने उतारचढाव हुन्।' हुन त ट्रेलर हेर्दा 'दिमाग खराब' राजनीतिक विषयवस्तुको फिल्म हो कि भन्ने भान पनि हुन्छ। निश्चल यो राजनीतिक फिल्म नभएको स्पष्ट पर्छन्।

'एउटा साधारण मानिस समाज, सिस्टम लगायत विभिन्नबाट कसरी हैरानी भोग्छ। फिल्म त्यही हो', निश्चलले थपे, 'एउटा सामाजिक कथामा बनेको फिल्म हो। यसमा राजनीति नै झुकेर आउँछ भन्ने देखाइएको छ।'

'दिमाग खराब' रौनक विक्रम कँडेलले बनाएका हुन्। फिल्ममा खगेन्द्र लामिछाने, स्वस्तिमा खड्का, दयाहाङ राई, अर्पण थापा, विजय बराल, पुष्कर गुरुङ, माओत्से गुरुङ, सुमन कार्की, राजन खतिवडा, गौरभी आरएल सिंह, गीत अधिकारी, कृष्णभक्त महर्जनलगायतको अभिनय छ। फिल्मका कार्यकारी निर्माता सुरजबम ठकुरी रहेका छन्। फिल्मले चलचित्र सेन्सर बोर्डबाट सबैले हेर्न मिल्ने युनिभर्सल सर्टिफिकेट पाएको छ।

## रंगशाला

# गौतमबुद्ध क्रिकेट रंगशाला तत्काल निर्माण सुरु हुँदै



■ प्रभाव संवाददाता

**काठमाडौं–** गौतमबुद्ध अन्तराष्ट्रिय क्रिकेट रंगशाला निर्माणको काम तत्काल अघि बढ्ने भएको छ। रंगशाला निर्माणको मोडालिटी टुङ्गो लागेसँगै क्रिकेट रंगशाला निर्माणको काम तत्काल अघि बढ्ने भएको हो।

बागमती प्रदेश सरकार र भरतपुर महानगर पालिकाले गौतमबुद्ध अन्तराष्ट्रिय क्रिकेट रंगशालालाई मिलेर निर्माण गर्ने समझदारी गरेका छन्। प्रदेश सरकारका मुख्य मन्त्री सालिकराम जमरकट्टेल र भरतपुर महानगरकी मेयर रेणु दाहालले रंगशाला निर्माणको लगानी मोडालिटीमा मंगलबार समझदारी गरेका छन्।

समझदारी अनुसार तत्काल १० हजार दर्शक क्षमताको क्रिकेट रंगशाला निर्माणको कामलाई अघि बढाउने सहमती बनेको छ। समझदारी अनुसार १० हजार दर्शक क्षमताको रंगशाला निर्माणका लागि करिब ७५ करोड रूपैयाँ खर्च लाग्ने र बागमती प्रदेशले ७० प्रतिशत तथा भरतपुर महानगरले ३० प्रतिशत बजेट लगानी गर्ने सहमती बनेको छ।

प्रदेश खेलकुद विकास परिषद्का सदस्य सचिव सुर्यलाल भण्डारीले पछिल्लो समझदारीले गौतमबुद्ध अन्तराष्ट्रिय क्रिकेट रंगशाला निर्माणले तत्काल गति लिने बताए। 'लगानीको मोडालिटीको टुङ्गो लागेसँगै तत्काल १० हजार दर्शक क्षमताको क्रिकेट रंगशाला निर्माणको काम अघि बढ्छ। प्रदेश सरकार र भरतपुर महानगरले मिलेर रंगशाला निर्माण गर्ने समझदारी बनेको छ।' सदस्य सचिव भण्डारीले भने।

'रंगशालाका पुरा डीपीआर ३० हजार दर्शक क्षमताको हो। अहिले १० हजार दर्शक क्षमताको बन्छ। बाँकी दोस्रो चरणमा अघि बढ्छ।' भण्डारीले थपे।

धुर्मुस सुन्तली फाउण्डेसनले भरतपुरको चितवनमा गौतमबुद्ध अन्तराष्ट्रिय क्रिकेट रंगशाला निर्माण गर्ने घोषणा सहित निर्माणको काम अघि बढाएका थिए। तर अपेक्षित सहयोग प्राप्त गर्न नसकेपछि फाउन्डेसन निर्माणको कामबाट पछि हटेको थियो।

धुर्मुस सुन्तली फाउन्डेसनले निर्माणको काम अघि बढाउन नसकेपछि सरकारले त्यसको स्वामित्व लिएर आफैले निर्माण कार्य अघि बढाउने निर्णय गरेको थियो। तर रंगशाला निर्माणमा लगानीको मोडालिटी बन्न सकेको थिएन।

प्रदेश सरकार र भरतपुर महानगर मिलेर रंगशाला निर्माण गर्ने समझदारी बनेसँगै गौतमबुद्ध अन्तराष्ट्रिय क्रिकेट रंगशाला निर्माणले गति लिने देखिएको हो।

# खेलाडीलाई जनही १३ लाख रूपैयाँ पुरस्कारको सिफारिस

■ प्रभाव संवाददाता




**काठमाडौं–** राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले अमेरिका र वेस्ट इन्डिजले २०२४ मा संयुक्त आयोजना गर्ने विश्व कप टी-२० क्रिकेट प्रतियोगितामा छनोट हुन सफल नेपाली क्रिकेट टोलीको नगद पुरस्कार सिफारिस गर्ने निर्णय गरेको छ।

राखेप कार्यकारी समितिका संयोजक राखेपका सदस्य-सचिव टंकलाल घिसिङको अध्यक्षतामा मंगलबार बसेको बैठकले नगद पुरस्कार सिफारिस गर्ने निर्णय गरेको हो। छनोट प्रतियोगितामा सहभागी १५ खेलाडी तथा मुख्य प्रशिक्षक, सहायक प्रशिक्षक, व्यवस्थापक र फिजियो गरी जम्मा १९ जनाका लागि २ करोड ४ लाख ७५ हजार रूपैयाँ नगद पुरस्कार सिफारिस गर्ने निर्णय भएको छ।

सहभागी खेलाडीलाई जनही १३ लाख, मुख्य प्रशिक्षकका लागि ३ लाख ९० हजार, सहायक प्रशिक्षक, व्यवस्थापक र फिजियोका लागि १ लाख ९५ हजार नगद पुरस्कार सिफासिर गर्ने निर्णय गरिएको हो। गत आइतबार सम्पन्न आईसीसी पुरुष टी- २० विश्व कपको एसिया क्षेत्र छनोटको फाइनलमा पुग्दै नेपालले विश्व कपमा स्थान पक्का गरेको थियो। नेपाल क्रिकेट संघ क्यान विश्वकपमा छनोट राष्ट्रिय क्रिकेट टिमलाई ५० लाख रूपैयाँ पुरस्कार दिने निर्णय गरिसकेको छ।

# कीर्तिपुरमा फ्लड लाइट जडान हुँदै

**काठमाडौं (प्रस)–** कीर्तिपुरस्थित अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा 'फ्लड लाइट' जडान गर्ने जिम्मेबारी सिनामंगलस्थित एमएसआईपीएल-एएससी पावर जेभीले पाएको छ। दोस्रो पटक आव्हान गरिएको टेन्डरबाट 'फ्लड लाइट' निर्माणको जिम्मा उक्त कम्पनीले पाएको हो।

'फ्लड लाइट' जडानपछि कीर्तिपुर क्रिकेट मैदानमा दिवा–रात्रि खेलका लागि सुविधा उपलब्ध हुनेछ। उक्त कम्पनीले २७ करोड ४० लाख दुई हजार २२ रूपैयाँमा 'फ्लड लाइट' जडानको ठेक्का पाएको हो।

# यमनविरुद्धको खेलको टिकट मूल्य निर्धारण

■ प्रभाव संवाददाता

**काठमाडौं–** अखिल नेपाल फुटबल संघ एन्फाले विश्वकप छनोट अन्तर्गत दोस्रो चरणमा यमनविरुद्ध दशरथ रंगशालामा हुने खेलको टिकट मुल्य निर्धारण गरेको छ।

एन्फाले मंगलबार पत्रकार सम्मेलनको आयोजना गर्दै विश्वकप छनोट अन्तर्गत यमनविरुद्ध हुने खेलको टिकट मुल्य सार्वजनीक गरेको हो। एन्फाले साधारण प्यारापिटतर्फको टिकट मुल्य ४ सय र भिआईपी प्यारापिटतर्फको टिकट मुल्य १ हजार रूपैयाँ निर्धारण गरेको छ। नेपालले मंसिर ५ गते दशरथ रंगशालामा यमनविरुद्ध खेल्दै विश्वकप छनोटको दोस्रो चरणको सुरुआत गर्नेछ।

नेपालले विश्वकप छनोटको दोस्रो चरणमा यमनसहित यूएई र बहराईनसँग होम एण्ड अवेका आधारमा खेल्नेछ। नेपालले पहिलो चरणमा लाओसलाई दुई लेगको म्याचमा हराउँदै दोस्रो चरण प्रवेश गरेको थियो।

पत्रकार सम्मेलनमा प्रतियोगिता संयोजक दिपक खतिवडाले विश्वकप छनोटको दोस्रो चरणको तयारी अन्तिम चरणमा पुगेको बताएका थिए। कार्यक्रममा एन्फा प्रवक्ता सुरेश साह र प्रतियोगिता निर्देशक सञ्जिव मिश्र उपस्थित थिए।

# मूल्यवृद्धि नियन्त्रण गर्न अस्ट्रेलियाले बढायो ब्याजदर

**सिड्नी–** अत्यधिक उच्च मूल्यवृद्धि (मुद्रास्फीति)माथि नियन्त्रण गर्न अस्ट्रेलियाको केन्द्रीय बैंकले मंगलबार प्रमुख ब्याजदरलाई करिब १२ वर्षको उच्चतम स्तरमा बढाएको छ ।

रिजर्व बैंक अफ अस्ट्रेलियाले नगद दरलाई एक चौथाइ प्रतिशतले कडाइ गरेर ४.३५ प्रतिशत बनाएको छ । यो सन् २०११ पछिको उच्चतम स्तर हो । पाँच महिनामा यो पहिलो वृद्धि थियो र सेप्टेम्बरमा केन्द्रीय बैंकको गभर्नर पद सम्हालेपछि मिसेल बुलकको नेतृत्वमा यो पहिलो वृद्धि हो ।

पछिल्लो आकडाले सेप्टेम्बर ३० देखि तीन महिनाका अवधिमा वार्षिक मूल्यवृद्धि अपेक्षा गरिएकोभन्दा बढी ५.४ प्रतिशतले भइरहेको अवस्थामा मूल्यवृद्धिमाथि नियन्त्रण गर्न गभर्नर बुलकले कदम चाल्ने व्यापक अपेक्षा गरिएको थियो ।

'अस्ट्रेलियामा मूल्यवृद्धिले आफ्नो चरम सीमा पार गरिसकेको छ तर अहिले पनि यो अत्यधिक ठूलो छ, केही महिनाअघिको अपेक्षाभन्दा लगातार बढिरहेको छ,' उनले एक विज्ञप्तिमा भने, 'मूल्यवृद्धि उचित समय सीमामा लक्ष्यमा आउने सुनिश्चित गर्नका लागि मौद्रिक नीतिलाई अझ कडा बनाउन आवश्यक छ वा छैन भन्ने कुरा तथ्यांक र जोखिमहरूको विकसित आकलनमा निर्भर गर्नेछ ।'

केन्द्रीय बैंकले सन् २०२५ को अन्त्यसम्ममा मूल्यवृद्धिलाई दुईदेखि तीन प्रतिशतमा फर्काउने प्राथमिकता रहेको उल्लेख गरेको छ । कोभिड–१९ महामारी र युक्रेन युद्धले मूल्यवृद्धिलाई बढावा दिँदा र केन्द्रीय बैंक प्रमुख ब्याजदरलाई आफ्नो अघिल्लो तल्लो स्तर ०.१ प्रतिशतबाट बढाउन बाध्य भएका कारण सन् २०२२ मेमा मूल्यवृद्धि वृद्धिको शृंखलामा ब्याजदर बढाउने यो नयाँ कदम हो । *रासस/एएफपी*

# चीनको जिडिपी ५.४ प्रतिशतले बढ्ने प्रक्षेपण

**बेइजिङ–** अन्तर्राष्ट्रिय मुद्राकोष (आइएमएफ)ले मंगलबार चीनको वास्तविक कूल गार्हस्थ्य उत्पादन (जिडिपी) सन् २०२३ मा ५.४ प्रतिशतले वृद्धि हुने अनुमान गरेको छ ।

आइएमएफका प्रथम उपप्रबन्ध निर्देशक गीता गोपीनाथले चीनको भ्रमण गरेपछि जारी गरिएको विज्ञप्तिमा भनिएको छ, 'चिनियाँ अर्थतन्त्र सरकारको सन् २०२३ को विकास लक्ष्य पूरा गर्ने मार्गमा छ, यसले कोभिडपछिको सुदृढ सुधारलाई दर्शाउँछ ।'

चीनका मिसन प्रमुख सोनाली जैन–चन्द्राको नेतृत्वमा आइएमएफको एउटा टोलीले सन् २०२३ आर्टिकल ४ कन्सल्टेसनमा छलफल गर्न अक्टोबर २६ देखि नोभेम्बर ७ सम्म चीनको भ्रमण गरेको थियो ।

मिसन टोलीले आर्थिक सम्भावना र जोखिम, सुधारको प्रगति र चुनौती तथा नीति प्रतिक्रियाहरूमा विचार आदानप्रदान गर्नका लागि सरकार, जनता तथा निजी क्षेत्रका प्रतिनिधि र शिक्षाविद्हरूसँग रचनात्मक छलफल गरेको थियो । रासस/एएफपी

# अहिले निर्वाचनको समय होइन : जेलेन्स्की

**किभ–** युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले निर्वाचनका लागि यो सही समय भएको हो भन्ने आफूलाई विश्वास नभएको बताएका छन् । सन् २०२४ मा राष्ट्रपति निर्वाचनका बारेमा तीव्र बहस हुँदै गएपछि रुसी आक्रमणविरुद्ध होमिएको युक्रेनमा निर्वाचन गर्ने सही समय नभएको उनको भनाइ थियो ।

गत वर्ष द्वन्द्व सुरु भएदेखि मार्सल लअन्तर्गत आगामी वसन्तमा हुने राष्ट्रपति निर्वाचनसहित सबै निर्वाचन प्राविधिकरूपमा रद्द गरिएको छ । 'अहिले रक्षा र युद्धको समय हो भन्ने हामीले निर्धारण गर्नुपर्छ । यसमा राज्य र जनताको भाग्य निर्भर छ,' आफ्नो दैनिक सम्बोधनमा उनले भने । उनले देशलाई विभाजित गर्ने नभएर एकताबद्ध हुने समय भएको बताउँदै भने, 'अहिले निर्वाचनका लागि सही समय होइन भन्ने मेरो विश्वास छ ।'

युक्रेनमा रुसी सेना पसेसँगै युक्रेनी सेनाले जवाफी हमला गरे पनि युद्धरत दुवै पक्षबीच सीमा रेखा करिब एक वर्षदेखि स्थिर रहेको छ। युक्रेनका प्रमुख सहयोगी अमेरिका र युरोपका अधिकारीहरूले २० महिनादेखि जारी संघर्ष अन्त्यका लागि कुराकानी गर्न सुझाव दिएको बताइएको छ ।

युक्रेनको जवाफी हमलामा गतिरोध उत्पन्न भएको वा पश्चिमी मुलुक वार्तामा प्रवेश गर्न किभतिर फर्केको भन्ने कुरालाई राष्ट्रपति जेलेन्स्कीले ठाडै अस्वीकार गरेका छन् । अमेरिका र अन्य सहयोगीहरूले आवश्यकता भएसम्म रुसलाई पराजित गर्न किभलाई सैन्य र वित्तीय सहयोग जारी रहने सार्वजनिकरूपमा भन्दै आएका छन् । अक्टोबर ७ मा इजरायलमाथि हमासले आक्रमण गरेपछि विश्वको ध्यान मध्यपूर्वतर्फ मोडिएसँगै जेलेन्स्की तीव्र दबाबमा परेका छन् ।

सन् २०१९ को निर्वाचनबाट निर्वाचित राष्ट्रपति जेलेन्स्कीले आवश्यक परेको अवस्थामा आगामी वर्ष राष्ट्रिय निर्वाचन गराउन आफू तयार रहेको सेप्टेम्बरमा बताएका थिए । उनले निर्वाचनका लागि अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूलाई अनुमति दिने पक्षमा आफू रहेकोसमेत उल्लेख गरेका थिए ।

विदेशमा ठूलो संख्यामा युक्रेनी र युद्ध मोर्चामा लडिरहेका सैनिकका कारण निर्वाचन गराउन तार्किकरूपमा कठिन हुनसक्छ। युद्ध सुरु भएपछि जेलेन्स्कीको अनुमोदन मूल्यांकन उच्च थियो तर युद्धमा एकताबद्ध शक्ति भए पनि मुलुकको राजनीतिक परिदृश्य अस्थिर भएको छ। *रासस/एएफपी*


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : THE BOWL RESTAURANTS COMPANY

पूर्व स्वीकृति मिति २०८०/०७/२१ | LT. No.294814 | चलानी नं. ६०२०९९१२

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: KD | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Chef | 8 | 0 | 150 | ६४,९३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Chef | 2 | 0 | 150 | ६४,९३५ | | | | | | | |
| 3 | Cleaner | 3 | 0 | 95 | ४१,१३५ | | | | | | | |
| 4 | Waiter | 2 | 0 | 2 | ८६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० कार्तिक २९ गते (15th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।**

**SUPREME OVERSEAS PVT. LTD.**
Koteshwor-35, Kathmandu, Nepal. Phone: +977-1-4612909, Mob No.: 9851141464 | Fax: 01-4600047
Email: supremeovs301@gmail.com, Web: www.supremeoverseas.com.np
श्रम ईजाजत नं. ३०१/०५९/०६०



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SARAH HAMDI FALAH AL-MUTAIRI MEN'S TAILORING

पूर्व स्वीकृति मिति २०८०/०७/२० | LT. No 294715 | चलानी नं. ६०२०९८९८

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: SR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load Unload Labour | 1 | 0 | 1000 | ३५,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० कार्तिक २९ गते (15th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Superb For Ultimate Manpower Solution Pvt.Ltd**
Maligaun, Naxal, (Brihaspati School) Kathmandu, Nepal
Tel : +977-1-4521448 E-mail : info@superbultimate.com
Webiste :www.superbultimate.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: ALI BIN HASHEM AL HUSSEIN OPERATION AND MAINTENANCE COMPANY

पूर्व स्वीकृति मिति २०८०/०७/०३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०७/२१ | LT. No.294320 | चलानी नं. ६०२०९४१७

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: SR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 45 | 0 | 1000 | ३५,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० कार्तिक २६ गते (12th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**OZONE OVERSEAS SERVICE PVT. LTD.**
Airport, Kathmandu, Nepal, Tel No. 01-4112794, 4112795
E-mail : contact@ozoneoverseas.com, www.ozoneoverseas.com
श्रम ईजाजत नं. ४४८/०६०/०६१



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALL STAR HEALTH SPA FOR MEN

पूर्व स्वीकृति मिति २०८०/०४/१९ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०७/२१ | LT. No. 290262 | चलानी नं.६०२०५६५८

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: KD | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Therapist Masseur | 1 | 0 | 150 | ६४,९३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० कार्तिक २९ गते (15th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com



## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SBH PERAK AGRO AQUACULTURE SDN. BHD.

पूर्व स्वीकृति मिति : २०७९/१०/१७ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०७/२१ | LT. No. 280304 | चलानी नं. ६०१९५८७५

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: RM | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Aquaculture Workers | 4 | 0 | 1500 | ४१,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० कार्तिक २८ देखि मंसिर २ गते (14-18th Nov. 2023) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Munal Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. ४६५/०६०/०६१
Kalamatidole, Airport, Ktm, Nepal. Tel.: +977-01-4461297, 4468625, Fax: +977-01-4462046



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NAJLA DEHRAN BALADAN AL-MUTAIRI EST TO SERVE DRINKS

पूर्व स्वीकृति मिति २०८०/०७/२१ | LT. No. 294600 | चलानी नं. ६०२०९८९९

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: SR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee | 2 | 0 | 1200 | ४२,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : NAJAH MAJID AQLA AL-SHAMMARI EST FOR THE SALE OF ICE-CREAM

पूर्व स्वीकृति मिति २०८०/०७/१५ | LT. No. 294601 | चलानी नं. ६०२०९७५६

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: SR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food And Beverage Counter Worker | 2 | 0 | 1000 | ३५,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० कार्तिक २९ गते (15th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Honesty Overseas Pvt.Ltd.**
श्रम ईजाजत नं. १०००/०६८/०६९
Basundhara Chowk-8, Kathmandu, Nepal
Phone No.: +977-1-4364494, 4352243
Email : honestyoverseas@gmail.com,Web: www.honestyoverseas.com.np



## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : KAWAL HIKMAH SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०६/१५ | पुन विज्ञापर्न स्वीकृति मिति २०८०/०७/२१ | LT. No. 272870 | चलानी नं. ६०१८८६४८

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: RM | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 13 | 0 | 1500 | ४१,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० कार्तिक २९ गते (15th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**:नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**AMCON OVERSEAS PVT. LTD**
श्रम ईजाजत नं. ६८४/०६३/०६४
Chappal Karkhana, Kathmandu, Tel: 01-4373522, 4373977
E-mail: amconoverseas123@gmail.com



## कुवेत/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DRAIEH KUWAITI READY FOODSTUFF CO. W.L.L.

पूर्व स्वीकृति मिति २०८०/०१/२१ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०७/२१ | LT. No. 285517 | चलानी नं. ६०२००९६४

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: KD | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 3 | 0 | 125 | ५३,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner | 7 | 0 | 100 | ४२,७०५ | | | | | | | |
| 3 | Cook | 5 | 0 | 150 | ६४,०६० | | | | | | | |
| 4 | Housekeepers | 15 | 0 | 100 | ४२,७०५ | | | | | | | |
| 5 | Waiter/waitress | 5 | 10 | 120 | ५१,९४५ | | | | | | | |
| 6 | Laundry Man | 5 | 0 | 100 | ४२,७०५ | | | | | | | |
| 7 | Packing Employee | 1 | 0 | 100 | ४२,७०५ | | | | | | | |
| 8 | Rig Boys | 10 | 0 | 100 | ४२,७०५ | | | | | | | |
| 9 | Senior Cook | 3 | 0 | 175 | ७४,७३५ | | | | | | | |

कम्पनी : EWAA HOSPITALITY LIMITED COMPANY

पूर्व स्वीकृति मिति २०८०/०७/२० | पुन विज्ञापन स्वीकृति मिति २०८०/०७/२१ | LT. No. 294653 | चलानी नं. ६०२०९९०४

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: SR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hotel Housekeeping worker | 25 | 0 | 1300 | ३५,२०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० मंसिर १ गते (17th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । **Reachmond Books Shop** (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217** । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं.**9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फचाक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ११५००० | प्रति तोला – ११४४५० | प्रति तोला – १४०५ |

कर्पोरेट

## सूर्य नेपालद्वारा भूकम्पपीडितलाई १ करोड ४० लाख बराबरको सहयोग



**काठमाडौं (प्रस)–** सूर्य नेपालले जाजरकोट र रुकुम पश्चिममा भुकम्पबाट पीडितका लागि १ करोड ४० लाख बराबरको सहयोग गरेको छ। सूर्य नेपालले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषका लागि १ करोड नगद रकम हस्तान्तरण गरेको छ। कम्पनीका म्यानेजिङ डाइरेक्टर रवि रायाभाराम, उपाध्यक्ष रवी केसीले १ करोड रूपैयाँको चेक प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई मंगलबार बालुवाटारमा आयोजित एक कार्यक्रममा हस्तान्तरण गरेका थिए। उक्त अवसरमा कम्पनीका तर्फबाट विकास भुत्रा, दिप्रा लहिरी र फाइनान्स म्यानेजर प्रेम अर्याल पनि सहभागी रहेका थिए। साथै सूर्य नेपालले ३५ लाख बराबरको लत्ता कपडा, खाना, ब्ल्यांकेटलगायतका सामाग्रीहरूको सहयोग गरेको थियो भने ५ लाख बराबरको औषधीहरू सहयोग गरेको छ।

## ग्लोबल आइएमईका ग्राहकलाई दराज ११:११ मा २० प्रतिशत छुट




**काठमाडौं (प्रस)–** ग्लोबल आइएमई बैंक लिमिटेडका ग्राहकहरूले दराजको ११:११ अफरमा दराजबाट अनलाइनमार्फत सामान किन्दा २० प्रतिशत छुट दिने योजना सार्वजनिक गरेको छ। नोभेम्बर ११ देखि नोभेम्बर २२सम्म रहनेयस छुट योजनाअन्तर्गत ग्राहकहरूले ग्लोबल आइएमई बैंकको भिजा डेबिट वा क्रेडिट कार्ड प्रयोग गरी दराजबाट अनलाइनमार्फत सामान खरिद गर्दा कुल खरिदको १५ देखि २० प्रतिशतसम्म छुट पाइने जनाइएको छ। बैंकको डेबिट कार्ड प्रयोगकर्ताहरूले १५ प्रतिशत वा रु.२,००० सम्म र क्रेडिट कार्ड प्रयोगकर्ताहरूले २० प्रतिशतवा रु.२,५०० सम्म छुट पाउनेछन्।

बैंकका कार्ड बाहक ग्राहकहरूले छुट पाउनका लागि दराज एयापबाट ग्लोबल आइएमई बैंकको कार्डको छुट भौचर सङ्कलन गर्नुपर्नेछ। यीभाउचरहरू चेकआउट प्रक्रियाको क्रममा स्वचालित रूपमा लागू हुनेछन्। ग्लोबल आइएमई बैंकले दराज अनलाइन स्टोरसँग समन्वय गरी आफ्ना डेबिट र क्रेडिट कार्ड प्रयोगकर्ताहरूलाई सहज, निरन्तर तथा इनामदायी किनमेल अनुभव सुनिश्चित गर्दै आएको छ। आफ्ना ग्राहकवर्गको सुविधालाई मध्यनजर गरी बैंकले यस्ता किसिमका समय सान्दर्भिक योजनाहरू ल्याएर ग्राहकहरूलाई लावान्वित गर्दै आएको छ।

## कुमारी बैंकको तिहार र छठ पर्वमा 'क्यास ब्याक' अफर

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**काठमाडौं (प्रस)–** कुमारी बैंक लिमिटेडले नेपालीहरूको चाड तिहार र छठलाई लक्षितगर्दै हर्षोल्लासका साथ आकर्षक 'क्यासब्याक अफर' योजना सार्वजनिक गरेको छ।

बैंकले 'क्यास ब्याक अफर' योजनाल्याई तिहार र छठको हर्षोल्लासका अभिवृद्धि गर्ने भएको छ। यस योजनामा हरेक दिनपहिलो ५० जनालाई मोबाइल बैंकिङ्गमार्फत क्यूआर र पहिलो ५० जनालाई कार्डबाट भुक्तानि कारोबार गर्दा बैंकद्वारा २५ प्रतिशत अधिकतम ५०१ रूपैयासम्म क्यास ब्याक दिइनेछ। क्यास ब्याक रकम पीओएस, क्यूआ पेमेन्ट तथा अनलाइन पेमेन्टबाट गरिने कारोबामा प्रदान गरिने पनि बैंकले जनाएको छ।

बैंकको उक्त योजना कार्तिक २६देखि मंसिर ३गते सम्म लागु हुने जनाएको छ। कुमारी बैंकले देशभर रहेका ३०८ शाखा (प्रधानकार्यालय बाहेक), ४८ वटा विस्तारित काउन्टर, ३०९ एटिएम, र ६४ शाखारहित बैंकिङ्ग एकाइहरूबाट सेवा दिँदै आएको छ।

## कामना सेवाको वार्षिकोत्सवमा रक्तदान

**काठमाडौं (प्रस)–** कामना सेवा विकास बैंकले आफ्नो स्थापनाको १६ औं वर्ष पुरा गरि १७औं वर्षमा प्रवेश गर्ने अवसरमा आफ्ना सम्पुर्ण क्षेत्रिय कार्यालयहरूमा रक्तदान कार्यक्रम सम्पन्न गरेको छ। बैंकको केन्द्रीय कार्यालय, ज्ञानेश्वरमा सम्पन्न भएको रक्तदान कार्यक्रममा ५६ पिन्ट, कोशी प्रदेशमा ४० पिन्ट, मधेश प्रदेशको विरगञ्जमा २३ पिन्ट, बर्दिबासमा ३० पिन्ट, नारायणगढ क्षेत्रको खैरहरी पर्सा शाखामा ११० पिन्ट, पोखरा क्षेत्रको प्रस्र्याङ्ग शाखामा भएको रक्तदानमा ४६ पिन्ट र पश्चिम क्षेत्रको नेपालगञ्ज शाखामा भएको रक्तदानमा ३६ पिन्ट रगत संकलन भएको बैंकले जनाएको छ। सोही कार्यक्रमअन्तर्गत गत शनिवार बुटवल क्षेत्रको बुटवल शाखामा भएको रक्तदानमा ७६ पिन्ट रगत संकलन भएको पनि बैंकले जनाएको छ। बैंकले उक्त अवधिमा देशभरबाट जम्मा ४१७ पिन्ट रगत संकलन गरेको जनाएको छ।



वार्षिकोत्सवकै कार्यक्रमअन्तर्गत बैंकले कोशीप्रदेशको विराटचोकमा रहेको सुकुना बहुमुखी क्याम्पसमा रु.५० हजार रूपैया वरावरको छात्रवृत्ती समेत प्रदान गरेको छ। उक्त छात्रवृत्ती रकम क्याम्पसको व्यवस्थापन संकायमा अध्ययनरत १० जना जेहेन्दार विद्यार्थीहरूलाई प्रदान गरिने क्याम्पसका सहायक क्याम्पस प्रमुख बलराम पोखेलले बताएका छन्। बैंकले स्थापनाको १७औं वार्षिकोत्सवमा विभिन्न १७ कार्यक्रमसहित सप्ताहव्यापी कार्यक्रमहरू गरिरहेको छ।

## टाटा प्यासेन्जर भेहिकलको नयाँ वर्कसप कपनमा




**काठमाडौं (प्रस)–** सिप्रदी ट्रेडीङ्ग प्रा.लि.ले काठमाडौंको कपनमा नयाँ वर्क सप सञ्चालनमा ल्याएको छ। टाटा मोटर्सले पेसेन्जर सेग्मेन्टका गाडीहरूलाई लक्षित गर्दै उक्त वर्कशप सञ्चालनमा ल्याएको हो। करिब ११,८८० वर्ग मिटर क्षेत्रफलमा फैलिएको उक्त वर्कशपको उद्घाटन सिप्रदीका प्रमुख कार्यकारी अधिकृत राजनबाबु श्रेष्ठ र टाटा मोर्टस पेसेन्जर भेहिकल इन्टरनेशनल बिजनेस हेड मायाङ्क बल्डिले गरेको हो। नयाँ वर्कशपमा पेसेन्जर सेग्मेन्टका गाडीहरूको हरेक पार्टपुर्जाको (इन्जिन, चक्का, सस्पेन्सन, एसी, आदी) मर्मत संभार लगायत डेन्ट पेन्टको पनि सुविधा रहेको छ। वर्कशपमा पेसेन्जर सेग्मेन्टका गाडीहरूको हरेक पार्टपुर्जाको (इन्जिन, चक्का, सस्पेन्सन, एसी, आदी) मर्मत संभार लगायत डेन्ट पेन्टको पनि सुविधा रहेको छ।

यस्तै विशेषतः विद्युतीय गाडीको (इभी) चेक जाँचको लागि विशेषज्ञ प्राविधिकहरूको व्यवस्था गरिएको छ। यस्तो व्यवस्था अन्तर्गत ३० किलोवाट क्षमताको डिसी फास्ट चार्जिङ्ग स्टेसन, चारवटा ७.२ किलोवाट क्षमताको एसी फास्ट चार्जिङ्ग स्टेसन र आठवटा ३.३ किलोवाट क्षमताको एसी स्लो स्टेसन लगायत बाह्रवटा 'बेहरू' रहेका छन्।

## ज्योति विकास बैंकद्वारा भूकम्पपीडितका लागि आर्थिक सहयोग




**काठमाडौं (प्रस)–** ज्योति विकास बैंकले जाजरकोट भूकम्प पीडितका लागि ५ लाख सहयोग गरेको छ। बैंकले जिल्ला प्रशासन कार्यालय जाजरकोटसँगको समन्वयमा पिडितहरूलाई आर्थिक सहयोग गरेको हो। उक्त रकम ज्योति विकास बैंकका तर्फबाट जाजरकोट शाखाका शाखा प्रबन्धक वीरेन्द्र बहादुर ऐडीद्वारा जाजरकोट जिल्लाका प्रमुख जिल्ला अधिकारी सुरेश सुनार र सहायक प्रमुख जिल्ला अधिकारी हरिश्चन्द्र शर्मालाई हस्तान्तरण गरिएको हो। ज्योति विकास बैंकले जाजरकोट स्थित शाखा मार्फत सरल वित्तीय सेवाका साथै संस्थागत सामाजिक उत्तरदायित्वका कार्यक्रम मार्फत विभिन्न क्षेत्रमा समन्व्य र सहयोग गर्दै आएको छ। बैंकले आगामी दिनहरूमा पनि जाजरकोटस्थित शाखा कार्यालय मार्फत दिर्घकालिन र दीगो कार्यक्रमहरूलाई निरन्तरता दिने जनाएको छ।

आफ्नो खुद मुनाफाबाट नेपालमा हाल सञ्चालनमा रहेका अन्य बैंक तथा वित्तीय संस्थाहरूले सामाजिक उत्तरदायित्व अन्तर्गत सामाजिक कार्यमा गर्ने योगदान भन्दा ५० प्रतिशत बढी रकम छुट्याई समाजप्रति उत्तरदायी बनेको यस विकास बैंक नागरिकको आवश्यकता अनुरूप आवश्यक सहयोग गर्दै आएको छ। संस्थागत शुशासनलाई शिरोपर गरी ग्राहकवर्ग, कर्मचारी, नियामक निकाय, शेयरधनी र समग्र सरोकारवालाको हक हितमा योगदान पुर्याउने कार्यलाई ज्योति विकास बैंकले निरन्तरता प्रदान गर्दै आएको छ। ज्योति विकास बैंकले हाल १२१ वटा शाखा कार्यालय, ३ वटा विस्तारित काउन्टर तथा ७५ वटा एटीएम मार्फत सेवा उपलव्ध गराउँदै आईरहेको छ।

# नेपालमा लगानी गर्न प्रधानमन्त्रीको आग्रह

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले मुलुक आर्थिक समृद्धिको मार्गमा रहेकाले नेपालमा लगानी गर्न एसिया प्रशान्त क्षेत्रका व्यवसायीलाई आग्रह गरेका छन्। नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालको नेतृत्वमा गएको एसिया प्रशान्त क्षेत्रीय उद्योग वाणिज्य परिसङ्घका अध्यक्ष पिटर म्याकमुलिन एमसहितको प्रतिनिधिमण्डलसँगको भेटमा उनले नेपालको आर्थिक समृद्धिको यात्रामा सहयोग गर्न आग्रह गरे।

नेपालले राष्ट्रिय एवं अन्तर्राष्ट्रिय लगानी आह्वान गरिरहेको, नेपालमा लगानीका लागि उपयुक्त कानुन र वातावरण रहेको तथा लगानीकर्तालाई सबै प्रकारका सहयोग गर्न सरकार तयार रहेको प्रधानमन्त्री दाहालले विश्वास दिलाए। उक्त अवसरमा महासङ्घका अध्यक्ष ढकालले ३७औं 'क्यासी' सम्मेलन नेपालको आर्थिक विकासका मुद्दामा केन्द्रित भएको र सम्मेलन सहयोगी हुने अपेक्षा नेपाली निजी क्षेत्रले गरेको बताए। एसिया प्रशान्त क्षेत्रबाट लगानी एवं प्रविधि भित्र्याउन क्यासीमार्फत महासङ्घले पहल गर्ने थप स्पष्ट पारे।



क्यासीका अध्यक्ष पिटरले लगानी आकर्षण एवं आर्थिक व्यावसायिक सम्बन्ध विस्तारमा सहयोग पुऱ्याउन तयार रहेको प्रतिबद्धता जनाएको महासङ्घले जनाएको छ। भेटवार्तामा अर्थमन्त्री डा. प्रकाशशरण महत, मुख्यसचिव डा बैकुण्ठप्रसाद अर्याल र क्यासी पदाधिकारी एवं सदस्यको उपस्थिति थियो। निजी क्षेत्रको प्रतिनिधिमुलुक संस्था नेपाल उद्योग वाणिज्य महासङ्घ यस संस्थाको संस्थापक सदस्य रहेको छ।

# पुस १२ देखि आठौं रियल स्टेट एक्स्पो'




**काठमाडौं (प्रस)–** नेपाल जग्गा तथा आवास विकास सङ्घले पुस १२ गतेदेखि भृकुटीमण्डपमा आठौं रियल इस्टेट एक्स्पो २०२३ आयोजना गर्ने भएको छ। यो एस्सपो तीन दिनसम्म चल्नेछ।

नेपाल जग्गा तथा आवास विकास महासङ्घ प्रवर्धक भई ललितपुर जग्गा तथा आवास विकास सङ्घ र भक्तपुर जग्गा तथा आवास विकास सङ्घको सह आयोजना र सिन्थेसिस एण्ड इभेन्ट्स प्रालिको व्यवस्थापनमा यो ८औं एक्स्पो आयोजना हुन लागेको हो। सो एक्स्पो करिब एक लाख भन्दा बढी दर्शहरूले अवलोकन गर्ने आयोजकको अपेक्षा रहेको छ।

रियल इस्टेट क्षेत्रका विकासकर्ता र उपभोक्ताहरूबीच एकै स्थलको भेटघाट बिन्दु रहने यो एक्स्पोमा विकासकर्ताहरूले आफ्ना नयाँ उत्पादनहरू प्रदर्शन गर्नेछन्। यस्तै, उपभोक्ताहरूले नेपालको आवास तथा जग्गा विकास सम्बन्धी समग्र व्यावसायिक पक्षहरू बारे पर्याप्त जानकारी प्राप्त गर्नेछन् भन्ने सङ्घको विश्वास रहेको छ।

नेपालमा घरजग्गा बजार र घर खरिदकर्ताहरूलाई लक्षित गरी सञ्चालन गर्न लागिएको यस एक्स्पोमा रियल इस्टेट क्षेत्रका सम्पूर्ण कम्पनीहरूसहित राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रदर्शकहरू समेतको सहभागिता रहनेछ। आयोजकका अनुसार एक्स्पोमा व्यावसायिक र व्यापारिक सम्पत्ति, वास्तुकला, निर्माण, भवन, इन्जिनियरिङ, बैंकिङ र बीमालगाएतका कम्पनीहरूको सहभागिता रहनेछ।

त्यस्तै, एक्स्पोमा अपार्टमेन्ट र टाउन हाउस कम्प्लेक्स, घडेरी जग्गा, बत्ती तथा विद्युतीय फिक्स्चर, फर्निचर र फर्निसिङ, सिरेमिक, फोहोर व्यवस्थापन, घर जग्गा एजेन्ट, निर्माण सामग्री आपूर्तिकर्ता र वितरक, निर्माण उपकरण तथा सेवाहरू उपलब्ध गराइनेछ।

मुख्यतः यो एक्स्पो जग्गा तथा भवन विकासकर्ता, जग्गा तथा घर खरीदकर्ता, लगानीकर्ता, उपभोक्ता, घर जग्गा एजेन्ट, इन्जिनियर, आर्किटेक्ट, टाउन प्लानर, इन्टेरियर डिजाइनर, प्रबलीकरण तथा पुनः निर्माण सम्बन्धी डिजाइनर र निर्माण सामग्री आपूर्तिकर्ताको समेत सहभागिता हुनेछ। यस्तै वितरकहरूका साथै निर्माण उपकरण उत्पादक एवं डिलर, प्लम्बर, इलेक्ट्रिशियन तथा लाईटिङ व्यवसायीहरू र अन्य सेवाप्रदायक समेत एक्स्पोमा सहभागी हुनेछन्। साथै रियल इस्टेट क्षेत्रका महत्त्वपूर्ण सरोकारवालाहरूको सहभागिता रहने अपेक्षा गरिएको छ।

चाडपर्वलाई पारिवारिक भेटघाटको अवसरका रूपमा प्रयोग गरौं।
हाम्रा सांस्कृतिक पर्वहरूको जगेर्ना गरौं॥
चाडपर्वमा अनावश्यक खर्च नगरौं।
मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं॥
नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कष्णबहादुर कार्की, सम्पादक: विष्णु तामाङ